

जनगणतन्त्र चीनको राष्ट्रिय झण्डा



# जनगणतन्त्र चीनको संविधान

(पाँचौं राष्ट्रिय जनप्रतिनिधिसभाको पाँचौं बैठकबाट ४ डिसेम्बर, १९८२ मा पारित)

1698

The Constitution of the People's Republic of China

Rs. 50/-

16 8?

# जनगणतन्त्र चीनको संविधान

(पाँचौ राष्ट्रिय जनप्रतिनिधिसभाको पाँचौ बैठकबाट ४ डिसेम्बर, १९८२ मा पारित)

## (The Constitution of the People's Republic of China)

(Adopted on December 4, 1982 by the Fifth National People's Congress of the People's Republic of China at its Fifth Session)

युवा साहित्य गोष्ठी
भक्तपुर

पुस्तक : जनगणतन्त्र चीनको संविधान
The Constitution of the People's Republic of China
(Adopted on December 4, 1982 by the Fifth National People's Congress of the People's Republic of China at its Fifth Session)

अनुवाद : कुमार श्रेष्ठ
(Translated by Kumar Shrestha)

प्रकाशक : युवा साहित्य गोष्ठी, भक्तपुर
(Published by Yuva Sahitya Gosthi, Bhaktapur)

संस्करण : प्रथम, २०६५ पौष
(Edition First, 2065 Paush)

प्रति : ३०००
(Copies 3000)

मूल्य : रु. ५०।-
(Price Rs. 50.00)

मुद्रण : सिद्धिगणेश अफसेट प्रेस
इनाचो, भक्तपुर, फोन ६६१४७९३
(Printed at Siddhiganesh Offset Press
Inacho, Bhaktapur, Ph. 6614793)

# प्रकाशकीय

जनआन्दोलनको शक्तिले प्रतिगमनलाई पराजित गरी देशमा संविधानसभाको गठन भइसकेको छ र सबैको ध्यान अहिले नयाँ संविधान निर्माणमा केन्द्रित हुन थालेको छ ।

त्यसो त संविधानसभाको निर्वाचनको सिलसिलामा देशका विभिन्न राजनैतिक पार्टीहरुले भिन्न-भिन्न रुपका संविधानहरुको रुपरेखा आ-आफ्नो चुनाव घोषणापत्रमा प्रस्तुत गरेका थिए ।

चुनाव प्रचारमा पूँजीवादी व्यवस्था र पूँजीवादी संविधान तथा समाजवादी व्यवस्था र समाजवादी संविधानबारे पनि चर्चा परिचर्चा भएको थियो ।

गणतन्त्र नेपालको नयाँ संविधान निर्माणमा सहयोग पुगोस् भन्ने हेतुले यस अघि समाजवादी कोरिया अर्थात् प्रजग कोरिया र समाजवादी क्युबाको संविधान प्रकाशित भइसकेको छ । यसै क्रममा जनगणतन्त्र चीनको संविधान वा चीनको समाजवादी संविधानको अध्ययन र जानकारी पनि सान्दर्भिक हुने विश्वासले प्रकाशित गरिएको छ ।

जनगणतन्त्र चीनको पाँचौं राष्ट्रिय जनप्रतिनिधिसभाको पाँचौं बैठकबाट यसलाई ४ डिसेम्बर १९८२ मा पारित गरिएको थियो ।

जनगणतन्त्र चीनको यस संविधानमा राज्यपरिषद् (State Council) भनिएको छ । नेपालमा मन्त्रिपरिषद् भन्ने चलन छ । चीनको संविधानमा राज्यपरिषद्को 'महासचिव' पदको बन्दोबस्त छ । नेपालको बन्दोबस्तमा 'मुख्यसचिव' निर्वाचित नभई निजामती कर्मचारीको रुपमा देखापर्छ ।

त्यस्तै अदालतलाई चीनको संविधानमा 'जनअदालत' (People's Court) भनिएको छ र प्रधानन्यायाधीशलाई 'सर्वोच्च जनअदालतको सभापति' (President of the Supreme People's Court) उल्लेख छ ।

चीनको सातौं राष्ट्रिय प्रतिनिधिसभा (Seventh National People's Congress) को १९८८ को पहिलो बैठकमा विभिन्न प्रान्त, स्वायत्त प्रदेशहरु र केन्द्रीय सरकारको प्रत्यक्ष मातहतका नगरपालिकाहरु तथा सशस्त्र सेनाहरुको निर्वाचित प्रतिनिधिहरु थिए । त्यसमा मजदुर र किसान, बुद्धिजीवी तथा प्रजातान्त्रिक दलहरु, दलगत राजनीतिभन्दा अलग प्रजातान्त्रिक देशभक्तहरु आदि थिए । तिनीहरुमा जम्मा २,९७० प्रतिनिधिहरु थिए ।

त्यसमध्ये मजदुर र किसानहरु ६८४ (२३ प्रतिशत), कार्यकर्ता र कर्मचारीहरु

७३३ (२४.७ प्रतिशत), बुद्धिजीवीहरु ६९७ (२३.५ प्रतिशत), प्रजातान्त्रिक दलहरुका प्रतिनिधिहरु र दलगत राजनीतिमा नलागेका देशभक्त प्रजातन्त्रवादीहरु ५४० (१८.२ प्रतिशत), जन मुक्तिसेना २६७ (९ प्रतिशत) र विदेशबाट फर्केका चिनियाँहरु ४९ (१.६ प्रतिशत) थिए । तिनीहरुमा स्वास्नी मानिसहरुको संख्या ६३४ (२१.३ प्रतिशत) थियो भने अल्पसंख्यक राष्ट्रहरु वा जात-जातिहरुको संख्या ४४५ (१४.९) प्रतिशत थियो ।

नेपालको नयाँ बन्ने संविधानमा मजदुर र किसान, विभिन्न सामाजिक स्तर तथा क्षेत्रका प्रतिनिधिहरु के कति प्रतिशत प्रतिनिधिसभामा बन्दोबस्त गर्नुपर्ने होला भन्ने विषयमा पनि ध्यान जानु आवश्यक छ । नत्र 'नयाँ नेपाल' को अर्थ सहर र गाउँ, हिमाल, पहाड र तराई तथा जात-जातिहरुका करोडपति र अरबपतिहरुको मात्रै प्रतिनिधिसभा नबनोस् भन्ने चिन्ता अनुभव गरिदैछ ।

यसकारण विभिन्न वर्ग, संवेदनशील र बुद्धिजीवीहरुको ध्यान यसबारे जानु आवश्यक देखिन्छ ।

जनगणतन्त्र चीनमा हान जातिको अत्यन्त ठूलो बाहुल्यता छ । त्यस्तै अन्य राष्ट्रहरु (Nationalities) पनि चीनमा विद्यमान छन् । राष्ट्रहरु (Nationalities) लाई जातजातिको रुपमा पनि नेपाली भाषामा प्रयोग गरिएको छ । तर कहिलेकाहीं वन्यजाति (Tribe) लाई समेत राष्ट्र र जातजाति शब्दसमेत प्रयोग गर्ने गरेका छन् । अंग्रेजीको ट्राइब (Tribe) शब्दलाई आदिम जाति, कबिला र जनजातिको रुपमा पनि लिने गरिएको छ । त्यस्तै अल्पसंख्यक राष्ट्रहरु वा जातिहरु (Minority Nationalities) लाई 'अल्पसंख्यक जातिहरु' भन्ने गरिएका छन् । चीनमा हान जातिको अत्यन्त बाहुल्यता भएको हुनाले 'अल्पसंख्यक जातिहरु' भन्नु सुहाउने कुरा हो भने नेपालमा कुनै पनि जात, जाति र भाषाभाषीहरुको बहुमत नभएको हुँदा अरु कुनै पनि जातिलाई 'अल्पसंख्यक जाति' भन्न नमिल्न देखिन्छ ।

जनगणतन्त्र चीनको प्रशासनलाई प्रान्तहरु, स्वायत्त प्रदेशहरु र केन्द्रीय सरकारको प्रत्यक्ष मातहतका नगरपालिकाहरु सँगसँगै स्वायत्त बस्तीहरु (Autonomous Pretectures), काउन्टीहरु (Counties), स्वायत्त काउन्टीहरु (Autonomous Counties) र महानगरहरु (Cities) जस्ता भौगोलिक विभाजन गरिएका प्रशासनिक अंगहरु पनि छन् ।

त्यस्तै नगरका जिल्लाहरु (Municipal Districts), नगरहरु (Townships), राष्ट्रिय नगरहरु (Nationality Townships) र सहरहरु (towns) को पनि बन्दोबस्त छ ।

नेपाल त्यस्तो भौगोलिक र प्रशासनिक विभाजन र प्रशासनिक एकाइहरु नभएको हुँदा स्पष्टताको निम्ति कोष्ठभित्रका अंग्रेजी शब्दको अगाडि नजिकको नेपाली शब्दहरु राखिएको छ ।



त्यस्तै स्वशासनका अंगहरु (Organs of Self Government) को बन्दोबस्त पनि जनगणतन्त्र चीनमा छ । अन्य देशमा भए स्थानीय निकाय वा नगरपालिका वा गाविसहरु तथा जिविसहरुलाई वा सो सरहका जनप्रतिनिधिहरुमार्फत् चल्ने बन्दोबस्तलाई Local Self Gorernment पनि भन्ने चलन छ ।

प्रान्तहरु, केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा रहेका नगरपालिकाहरु र जिल्लामा विभाजित महानगरहरुका जनप्रतिनिधिहरु (Deputies) आफूभन्दा तल्ला जनप्रतिनिधिसभाबाट निर्वाचित हुन्छन् र तिनीहरुको कार्यावधि ५ वर्षको हुन्छ ।

काउन्टीहरु, जिल्लाहरु, नगरहरु र सहरका निर्वाचित मुख्य-मुख्य पदहरुलाई राज्यपालहरु र उप-राज्यपालहरु (Governers and Deputy Governers), प्रमुखहरु र उप-प्रमुखहरु (Mayors and Deputy Mayors) तथा प्रधान र उप-प्रधानहरु (Heads and Deputy Heads) शब्द प्रयोग गरिएका छन् ।

चीनको विदेशी भाषा प्रेसद्वारा प्रकाशित तथा विदेशी प्रकाशन गृह, पेइचिङमा मुद्रित र चिनी प्रकाशन केन्द्रबाट वितरित १९८३ को पहिलो संस्करणको पुस्तक श्री कुमार श्रेष्ठज्यूबाट अनौपचारिक अनुवाद गरिएको यस संविधानबाट नेपालका संविधान निर्माताहरु र सचेत नागरिकहरुलाई सहयोग र जानकारीमुलक हुने उद्देश्यले प्रकाशित पुस्तकबारे रचनात्मक सुझावको हामी आशा गर्दछौं ।

पाठकहरुलाई अध्ययनमा सुविधा पुऱ्याउन चीनको नक्सा मध्य पृष्ठमा राखिएको छ ।

अनुवादक श्रेष्ठबाट आगामी दिनमा पनि यस्तै पठनीय रचनाहरुको अनुवादको आशा गर्दै उहाँमा हार्दिक आभार व्यक्त गर्दछौं । साथै प्रकाशनमा सहयोग पुऱ्याउने मित्रहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

# विषय सूची


प्रस्तावना - १

**परिच्छेद - १**
मूलभूत सिद्धान्तहरु - ५

**परिच्छेद - २**
नागरिकहरुका मौलिक अधिकार र कर्तव्यहरु - १५

**परिच्छेद - ३**
राज्यको संरचना - २१

**खण्ड एक**
राष्ट्रिय जनप्रतिनिधिसभा - २१

**खण्ड दुई**
जनगणतन्त्र चीनका राष्ट्रपति - २९

**खण्ड तीन**
राज्यपरिषद् - ३१

**खण्ड चार**
केन्द्रीय सैन्य आयोग - ३४

**खण्ड पाँच**
स्थानीय जनप्रतिनिधिसभा र विभिन्न तहका स्थानीय जनसरकारहरु - ३५

**खण्ड छ**
राष्ट्रिय स्वायत्त क्षेत्रहरुका स्वशासनका अंगहरु - ४१

**खण्ड सात**
जनअदालत तथा जनन्यायाधिवक्ता - ४३

**परिच्छेद - ४**
राष्ट्रिय झन्डा, राष्ट्रिय चिन्ह र राजधानी - ४७

# जनगणतन्त्र चीनको संविधान

## प्रस्तावना

चीन विश्वमा सबभन्दा लामो इतिहास भएका देशहरुमध्ये एक हो । चीनका सबै राष्ट्रहरु (nationalities) मिलेर एक उज्ज्वल संस्कृतिको निर्माण गरेका छन् तथा तिनीहरुको एक गौरवशाली क्रान्तिकारी परम्परा छ ।

सामन्ती चीन १८४० पछि विस्तारै अर्ध-उपनिवेशिक तथा अर्ध-सामन्ती देशमा पतन भयो । चिनियाँ जनताले राष्ट्रिय स्वाधीनता र मुक्तिको लागि तथा प्रजातन्त्र एवं स्वतन्त्रताको निम्ति एकपछि अर्को वीरतापूर्ण संघर्षलाई अगाडि बढाए ।

बीसौं शताब्दीमा चीनमा महान् तथा संसारलाई हल्लाउने ऐतिहासिक परिवर्तनहरु भए ।

डाक्टर सन यातसेन (Dr.Sun Yat-Sen) द्वारा नेतृत्व गरिएको १९११ को क्रान्तिले सामन्ती राजतन्त्रलाई उन्मूलन गऱ्यो तथा गणतन्त्र चीन स्थापना गऱ्यो । तर चिनियाँ जनताले अझै साम्राज्यवाद र सामन्तवादलाई पल्टाउने आफ्नो ऐतिहासिक कार्य पूरा गर्न बाँकी नै थियो ।

सशस्त्र र अन्य किसिमका गाह्रो, लामो तथा जटिल संघर्षहरु गरेपछि सबै राष्ट्रहरु सम्मिलित चिनियाँ जनताले कामरेड माओ त्सेतुङ (Mao Zedong) नेता रहेको चिनियाँ कम्युनिष्ट पार्टीद्वारा अन्तमा १९४९ मा साम्राज्यवाद, सामन्तवाद तथा कर्मचारी पूँजीवादको शासन पल्टाइदिए, नयाँ प्रजातान्त्रिक क्रान्तिको महान् विजय प्राप्त गरे र चिनियाँ जनताको गणतन्त्रको स्थापना गरे । त्यसपछि चिनियाँ जनताले राज्यसत्तालाई आफ्नै हातमा लिए तथा देशका मालिक आफै भए ।

जनताको गणतन्त्र स्थापना भएपछि चिनियाँ समाज नयाँ प्रजातान्त्रिक समाजवादी समाजतिर एक एक पाइला गर्दै अगाडि बढ्यो । उत्पादनको साधनको निजी स्वामित्वबाट समाजवादी रुपान्तरण गर्ने काम पूरा गऱ्यो, मानिसद्वारा मानिसको शोषण गर्ने व्यवस्थालाई उन्मूलन गरियो र समाजवादी व्यवस्थाको स्थापना गरियो । कामदार वर्गद्वारा नेतृत्व गरिएको तथा मजदुर र किसानहरुको मेलमा आधारित जनताको प्रजातान्त्रिक हुकुम अर्थात् सारमा सर्वहारा वर्गको हुकुम बलियो हुँदै गयो र विकसित हुँदै गयो । चिनियाँ जनता र चिनियाँ जनमुक्ति सेनाले साम्राज्यवादीहरु तथा प्रभुत्ववादीद्वारा गरिएको आक्रमण, अन्तरध्वंस र सशस्त्र उत्तेजनाहरुलाई असफल पारे, चीनको राष्ट्रिय स्वाधीनता र सुरक्षाको संरक्षण गरे तथा आफ्नो राष्ट्रिय प्रतिरक्षालाई बलियो पारे । आर्थिक विकासका ठूलठूला सफलताहरु हासिल गरे । मूल रुपमा उद्योगको एक स्वाधीन तथा पूरै व्यापक समाजवादी व्यवस्था स्थापित गरियो । कृषि उत्पादनमा उल्लेखनीय वृद्धि गरियो । शैक्षिक, वैज्ञानिक, सांस्कृतिक तथा अन्य क्षेत्रहरुमा महत्वपूर्ण प्रगति हासिल गरियो तथा समाजवादी सैद्धान्तिक शिक्षाबाट उल्लेखनीय परिणामहरु प्राप्त गरियो । जनताको जीवनस्तरमा उल्लेखनीय सफलता हासिल गरियो ।

चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्व र मार्क्सवाद-लेनिनवाद तथा माओ त्सेतुङ विचारधाराको मार्ग निर्देशनमा तथा सत्यलाई माथि उचालेर गल्तीलाई सच्याएर एवं अनेकौं गाह्रो-फारो र कठिनाइहरुमाथि विजय प्राप्त गर्दै चीनका सारा राष्ट्रहरुद्वारा चीनको नयाँ प्रजातान्त्रिक क्रान्तिको विजय तथा यसको समाजवादी उद्देश्यका सफलताहरु दुवै प्राप्त गरिए । आउँदा वर्षहरुमा राष्ट्रहरुको आधारभूत कार्य समाजवादी आधुनिकीकरणमा आफ्नो प्रयत्न केन्द्रित गर्नेछ । चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्व र मार्क्सवाद-लेनिनवाद



र माओ त्सेतुङ विचारधाराको निर्देशनमा चीनका सबै राष्ट्रहरुले जनताको प्रजातान्त्रिक हुकुममा दृढ रहेर समाजवादी बाटोलाई पछ्याइरहनेछन्, समाजवादी संस्थाहरुको निरन्तर उन्नति गर्नेछन्, समाजवादी प्रजातन्त्रको विकास गर्नेछन्, समाजवादी कानुनी व्यवस्थाको उन्नति गर्नेछन् अनि चीनलाई उच्चस्तरको संस्कृति र प्रजातन्त्र भएको समाजवादी देशमा एक एक पाइला गर्दै बदल्न उद्योग, कृषि, राष्ट्रिय प्रतिरक्षा तथा विज्ञान र प्रविधिलाई आधुनिक बनाउन आफ्नै भरमा कठोर मेहनत गर्नेछन् ।

चीनमा शोषक वर्ग भनिनेहरु निर्मूल पारिएका छन् । तापनि आउँदो लामो समयसम्म केही सीमासम्म वर्ग संघर्ष रहिरहनेछ । चिनियाँ जनताले स्वदेशमा र विदेशमा पनि समाजवादी व्यवस्थाप्रति शत्रुता राख्ने र यसलाई भित्रभित्रै बिगार्न प्रयास गर्ने शक्ति र तत्वहरुसँग लड्नैपर्छ ।

ताइवान जनगणतन्त्र चीन (The Peoples' Republic of China) को पवित्र भूभागको एक अंग हो । मातृभूमिलाई पुनःएकीकरण गर्ने महान् कार्य पूरा गर्नु ताइवानमा रहेका चिनियाँ देशवासीहरुका साथै सम्पूर्ण चिनियाँ जनताको ठूलो कर्तव्य हो ।

समाजवादको निर्माण गर्दा मजदुर, किसान र बुद्धिजीवीहरुमाथि भर परी एक गर्न सकिने सबै शक्तिहरुसँग एक हुनु अत्यावश्यक छ । धेरै वर्षको क्रान्ति र निर्माणको बेला चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा विशाल देशभक्त मोर्चा, प्रजातान्त्रिक दलहरु र वर्गीय संगठनहरुको एक व्यापक देशभक्तिपूर्ण संयुक्त मोर्चा निर्माण भई नै रहेको छ र समाजवादी कामदार जनता, समाजवादलाई समर्थन गर्ने सबै देशभक्तहरु तथा मातृभूमिलाई पुनःएकीकरणको पक्षमा उभिने देशभक्तहरु त्यसमा सामेल छन् । यो संयुक्त मोर्चा बलियो र विकसित हुँदै जानेछ । चिनियाँ जनताको राजनैतिक परामर्श सम्मेलन (The Chinese People's Political Consultative Conference) संयुक्त मोर्चाको एक व्यापक प्रतिनिधित्व गर्ने संगठन हो, त्यसले अरु देशका जनतासँगको मित्रतालाई अगाडि बढाउन र समाजवादी आधुनिकीकरण एवं देशको पुनःएकीकरण तथा एकताको संघर्षमा देशको राजनैतिक र सामाजिक जीवनमा एक महत्वपूर्ण ऐतिहासिक भूमिका खेल्यो र खेलिरहनेछ ।

जनगणतन्त्र चीन आफ्ना सबै राष्ट्रहरुद्वारा संयुक्त रुपमा निर्माण गरिएको एक एकात्मक बहुराष्ट्रिय राज्य हो । तिनीहरुमा समानता, एकता र आपसी सहयोगका समाजवादी सम्बन्धहरु स्थापित हुँदै गएको छ र त्यसलाई बलियो पार्दै जानेछ । राष्ट्रहरुको एकतालाई रक्षा गर्ने संघर्षमा ठूलो राष्ट्रिय अहंकारवाद (Chauvinism), विशेष गरेर हान ठूलो राष्ट्रिय अहंकारवाद (Han chauvinism) सँग पनि संघर्ष गर्नुपर्छ एवं स्थानीय-राष्ट्रिय अहंकारवादसँग पनि जुझ्नु आवश्यक छ । राज्यले देशभित्रका सबै राष्ट्रहरुको साझा समृद्धिलाई अगाडि बढाउन सकेसम्म प्रयास गर्छ ।

चीनको क्रान्ति र निर्माणका उपलब्धिहरुमा विश्वका जनताको समर्थनलाई छुट्याउन सकिन्न । चीनको भविष्य सारा विश्वको भविष्यसँग घनिष्ठ रुपले गाँसिएको छ । चीनले स्वाधीन परराष्ट्र नीति अवलम्बन गर्छ र सार्वभौमिकता र प्रादेशिक भू-अखण्डता, आपसी अनाक्रमण, एकले अर्काको आन्तरिक मामलामा अहस्तक्षेप, समानता र आपसी हित तथा अरु देशहरुसँग कूटनैतिक सम्बन्धहरु तथा आर्थिक एवं सांस्कृतिक आदानप्रदानका शान्तिपूर्ण सह-अस्तित्व जस्ता आपसी सम्मानका पाँच सिद्धान्तहरुलाई अगाडि बढाउँछ, चीन साम्राज्यवाद, प्रभुत्ववाद तथा उपनिवेशवादको निरन्तर विरोध गर्दछ, अरु देशका जनतासँगको एकतालाई बलियो पार्न प्रयत्न गर्दछ, राष्ट्रिय स्वाधीनता प्राप्त गर्ने तथा रक्षा गर्ने एवं आफ्नो राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने न्यायपूर्ण संघर्षमा पीडित राष्ट्रहरु र विकासोन्मुख देशहरुको समर्थन गर्दछ तथा विश्व शान्तिको संरक्षण गर्ने एवं मानव प्रगतिको उद्देश्यलाई अगाडि बढाउन प्रयत्न गर्दछ ।

यो संविधान सारा चिनियाँ राष्ट्रहरुको संघर्षहरुका उपलब्धिहरुलाई बल दिन्छ र कानुनी रुपमा राज्यका आधारभूत बन्दोबस्त र आधारभूत कार्यहरुलाई परिभाषित गर्दछ, यो राज्यको मूल कानुन हो र यसमा सर्वोच्च कानुनी प्राधिकार निहित छ । देशका सबै राष्ट्रहरु, राज्यका सबै अंगहरु, सशस्त्र शक्तिहरु, उद्योग र व्यवसायहरुले संविधानलाई आधारभूत मार्ग निर्देशन मान्नुपर्दछ तथा संविधानको मर्यादा कायम राख्नुपर्छ र यसको कार्यान्वयन सुनिश्चित गर्नु तिनीहरु सबैको कर्तव्य हो ।



## परिच्छेद - १
# मूलभूत सिद्धान्तहरु

### धारा - १

जनगणतन्त्र चीन (the People's Republic of China) कामदार वर्गद्वारा नेतृत्व गरिएको तथा मजदुरहरु र किसानहरुको मित्रतामा आधारित जनताको प्रजातान्त्रिक हुकुमको मातहतको एक समाजवादी राज्य हो ।

समाजवादी व्यवस्था जनगणतन्त्र चीनको मूलभूत व्यवस्था हो । कुनै पनि संगठन वा व्यक्तिबाट समाजवादी व्यवस्थालाई अन्तरध्वंस गर्न दिइनेछैन ।

### धारा - २

जनगणतन्त्र चीनका सारा सत्ता जनतामा निहित छ ।

राष्ट्रिय प्रतिनिधिसभा (The National People's Congress) तथा विभिन्न तहका स्थानीय जनताका प्रतिनिधिहरुमार्फत् जनताले राज्यसत्ता प्रयोग गर्छन् ।

जनताले विभिन्न माध्यमहरुद्वारा कानुनले बन्दोबस्त गरेबमोजिम राज्यका प्रशासनिक कामहरुको रेखदेख गर्छन् र आर्थिक, सांस्कृतिक तथा सामाजिक कार्यहरुको बन्दोबस्त गर्छन् ।

### धारा - ३

जनगणतन्त्र चीनमा राज्यहरुका अंगहरुले प्रजातान्त्रिक केन्द्रीयतालाई प्रयोग गर्छन् ।

राष्ट्रिय जनताको प्रतिनिधिसभा र विभिन्न तहका स्थानीय जनताका प्रतिनिधिसभाहरु प्रजातान्त्रिक निर्वाचनमार्फत् संस्थागत हुनेछन् । तिनीहरु जनताप्रति उत्तरदायी हुन्छन् र जनताकै सुपरिवेक्षणमा रहन्छन् ।

राज्यका सबै प्रशासकीय, न्यायिक र न्यायाधीवक्तासम्बन्धी अंगहरु जनताका प्रतिनिधिसभाद्वारा निर्माण हुन्छन् र ती अंगहरु जनताका प्रतिनिधिसभाहरुप्रति उत्तरदायी हुन्छन् र तिनीहरुकै सुपरिवेक्षणमा सञ्चालित हुन्छन् ।

केन्द्रीय तथा राज्यका अंगहरुका कार्यहरु र शक्तिहरुको विभाजन केन्द्रीय

पदाधिकारीहरुको संयुक्त नेतृत्वको मातहतमा स्थानीय पदाधिकारीहरुको अगुवाइ र उत्साहमा काम गर्न दिने सिद्धान्तद्वारा निर्देशित हुन्छ ।

**धारा - ४**

जनगणतन्त्र चीनमा सारा राष्ट्रहरु समान छन् । राज्यले अल्पसंख्यक राष्ट्रहरुको कानुनी अधिकारहरुको र हितहरुको रक्षा गर्छ तथा चीनका सबै राष्ट्रहरुमाफ समानता, एकता र आपसी सहयोगको सम्बन्धलाई कायम राख्छ र विकास गर्छ । कुनै पनि राष्ट्रको विरोधमा भेदभाव र दमन निषेधित छ, राष्ट्रहरुको एकतालाई भाँड्ने वा फूटलाई चर्काउने कुनै पनि कार्य निषेधित छ ।

राज्यले अल्पसंख्यक राष्ट्रहरु बसोबास गरिएका क्षेत्रहरु, विभिन्न अल्पसंख्यक राष्ट्रहरुको विशेषताहरु र आवश्यकताअनुसार तिनीहरुको आर्थिक र सांस्कृतिक विकासलाई अगाडि बढाउन सहयोग गर्छ ।

अल्पसंख्यक राष्ट्रहरुका जनता बाक्लो समुदायहरुमा बसोबास गरेका क्षेत्रहरुमा प्रादेशिक स्वायत्तता लागू गरिनेछ, स्वायत्तताको अधिकार प्रयोग गर्न ती क्षेत्रहरुमा स्वशासनका अंगहरु स्थापना गरिएका छन् । सबै राष्ट्रिय स्वायत्त क्षेत्रहरु जनगणतन्त्र चीनका अभिन्न अंग हुन् ।

सबै राष्ट्रहरुका जनतालाई आ-आफ्ना बोलिने र लेखिने भाषाहरु प्रयोग गर्ने र विकास गर्ने स्वतन्त्रता छ तथा आ-आफ्ना रीतिरिवाजहरु संरक्षण गर्ने र सुधार गर्ने स्वतन्त्रता छ ।

**धारा - ५**

राज्यले समाजवादी कानुनी व्यवस्थाको एकरुपता र प्रतिष्ठालाई कायम राख्दछ ।

कुनै कानुनले वा प्रशासनिक वा स्थानीय नियम र विनियमहरुले संविधानलाई बाधा पार्नेछैन ।

राज्यका सबै अंगहरु, सशस्त्र शक्तिहरु, सबै राजनैतिक दलहरु र सार्वजनिक संगठनहरु एवं सबै उद्यम-व्यवसायहरुले संविधान तथा ऐन-कानुनको पालना गर्नै पर्दछ । संविधान र ऐन-कानुनसँग बाझिने सबै ऐन-नियमहरु अनुसन्धान गरिनुपर्दछ ।



कुनै पनि संगठन वा व्यक्तिले संविधान र ऐन-कानुनभन्दा माथि विशेष अधिकार प्रयोग गर्न पाउनेछैन ।

**धारा - ६**

जनगणतन्त्र चीनको समाजवादी आर्थिक व्यवस्थाको आधार उत्पादनका साधनहरुको समाजवादी सार्वजनिक स्वामित्व हो अथवा सारा जनताको स्वामित्व र कामदार जनताको सामूहिक स्वामित्व हो ।

समाजवादी सार्वजनिक स्वामित्वको व्यवस्थाले मानिसद्वारा मानिसलाई गर्ने शोषणको अन्त्य गर्नेछ, त्यसले 'हरेकलाई आफ्नो योग्यताअनुसार, हरेकलाई उसको कामअनुसारको' भन्ने सिद्धान्त लागू गर्छ ।

**धारा - ७**

राज्यको अर्थतन्त्र सारा जनताको स्वामित्वअन्तर्गतको समाजवादी अर्थतन्त्रको भाग हो, त्यो नै राष्ट्रिय अर्थतन्त्रको नेतृत्वदायी शक्ति हो । राज्यले राजकीय अर्थतन्त्रलाई बलियो बनाउँछ र वृद्धिलाई सुनिश्चित गर्छ ।

**धारा - ८**

गाउँका जनताका कम्युनहरु, कृषि उत्पादक सहकारी संस्थाहरु र उत्पादनहरु, आपूर्ति र बजार व्यवस्था, ऋण र उपभोक्ताहरुको सहकारीहरु जस्ता सहकारी अर्थतन्त्रका अन्य रुपहरु कामदार जनताका सामूहिक स्वामित्वअन्तर्गतका समाजवादी अर्थतन्त्रकै भागभित्र पर्दछ । ग्रामीण आर्थिक सामूहिक संस्थाहरुका सदस्यहरु वा कामदार जनतालाई कानुनले तोकेबमोजिमको सीमासम्म निजी प्रयोगको निम्ति करेसाबारी र पहाडी भू-भागलाई प्रयोग गर्न दिने, घरेलु सहायक उत्पादन र निजी पशुपंक्षी पाल्ने अधिकार छ ।

हस्तकला, उद्योग, निर्माण, यातायात, व्यापारिक र सेवा वाणिज्यहरु (कारोबारहरु) जस्ता महानगर र नगरहरुका सहकारी अर्थतन्त्रका विभिन्न प्रकारहरु सबै कामदार वर्गको सामूहिक स्वामित्वअन्तर्गतको समाजवादी अर्थतन्त्रको भाग हो ।

राज्यले शहरी र ग्रामीण आर्थिक सहकारीहरुको कानुनी अधिकारहरु र हितको रक्षा गर्छ तथा सामूहिक अर्थतन्त्रको वृद्धिलाई उत्साहित गर्छ, निर्देशित गर्छ र सहयोग गर्छ ।

## धारा - ९

खनिज स्रोतहरु, जलस्रोतहरु, वनजंगल, पहाड-पर्वत, घाँसे मैदान, दाबी नगरिएका भूमि, समुद्री किनारहरु तथा अन्य प्राकृतिक स्रोतहरु ऐन-कानुनअनुसार सामूहिक संस्थाहरुकै स्वामित्वमा रहेका वन-जंगल, पहाड-पर्वत, घाँसे मैदान, दाबी नगरिएका भूमि र समुद्री किनारबाहेक सारा जनताको वा राज्यको स्वामित्वमा हुन्छ ।

राज्यले प्राकृतिक स्रोतहरुको उचित प्रयोगलाई सुनिश्चितता प्रदान गर्छ र दुर्लभ पशुपंक्षी र विरुवाहरुको संरक्षण गर्छ । कुनै पनि अर्थमा प्राकृतिक स्रोतहरुलाई निजी प्रयोग गर्न वा क्षति पुऱ्याउन निषेध गरिएको छ ।

## धारा - १०

शहरका भूमि राज्यको स्वामित्वमा हुन्छ ।

ऐन-कानुनअनुसार राज्यको मातहतमा रहेको भागबाहेक ग्रामीण र उप-नगर क्षेत्रमा रहेका भूमि सहकारी संस्थाहरुको हुनेछ, घर-घडेरीहरु र निजी करेसाबारी र पहाडी बारी पनि सामूहिक संस्थाहरुको स्वामित्वमा हुन्छन् ।

राज्यले कानुनअनुसार सार्वजनिक हितको निम्ति उपयोग गर्न अधिग्रहण गर्न सक्नेछ ।

कुनै पनि संगठन वा व्यक्तिले भूमिलाई निजी प्रयोग गर्न, किन-बेच गर्न वा कुतमा दिन सक्नेछैन वा कुनै पनि रुपमा गैरकानुनी ढंगले भूमिलाई हस्तान्तरण गर्न सक्नेछैन ।

भूमिलाई उपयोग गर्ने सबै संगठनहरु र व्यक्तिहरुले भूमिलाई विवेकपूर्ण ढंगले प्रयोग गर्ने पर्दछ ।

## धारा - ११

नगर र गाउँका कामदार जनताको निजी अर्थतन्त्र कानुनले निर्धारित गरेको सीमाभित्र समाजवादी सार्वजनिक अर्थतन्त्रकै पूरक हुन्छ । राज्यले निजी अर्थतन्त्रको कानुनी अधिकार र हितहरुको रक्षा गर्छ ।

प्रशासनिक नियन्त्रण कार्यान्वयन गरेर राज्यले निजी अर्थतन्त्रलाई निर्देशन गर्छ, सहायता गर्छ तथा सुपरिवेक्षण गर्छ ।



## धारा - १२

समाजवादी सार्वजनिक सम्पत्ति पवित्र र अनुल्लंघनीय छ । राज्यले समाजवादी सार्वजनिक सम्पत्तिलाई रक्षा गर्छ । राज्य वा सामूहिक सम्पत्तिलाई कुनै संगठन वा कुनै व्यक्तिले कुनै पनि उपायले प्रयोग गर्न वा क्षति पुऱ्याउन निषेध गरिन्छ ।

## धारा - १३

कानुनी ढंगले आर्जन गरेको आम्दानी, बचत, घरहरु तथा अन्य कानुनी सम्पत्ति राख्ने नागरिकको अधिकारलाई राज्यले संरक्षण गर्दछ ।

राज्यले निजी सम्पत्तिलाई पैतृक बनाउने नागरिकहरुको अधिकारलाई राज्यले कानुनद्वारा संरक्षण गर्छ ।

## धारा - १४

कामदार जनताको प्राविधिक स्तरलाई उठाउँदै अग्रगामी विज्ञान र प्रविधिलाई व्यापक ढंगले फैलाएर आर्थिक प्रशासन र उद्यम सञ्चालन र प्रबन्धको प्रणालीमा सुधार गरेर, कार्यमा विभिन्न रुपहरुमा जिम्मेवारी सम्हाल्ने समाजवादी व्यवस्था र संगठनलाई माथि उठाउँदै कामदार जनताको उत्साहलाई बढाएर राज्यले श्रमको उत्पादनशीलतालाई निरन्तर बढाउँछ, आर्थिक उपलब्धिहरुलाई सुधार गर्छ र उत्पादक शक्तिहरुलाई विकास गर्छ ।

राज्यले आर्थिक अनुशासन लागू गर्छ र खेर फाल्ने प्रवृत्तिसँग संघर्ष गर्छ ।

राज्यले राम्रोसँग सञ्चय र उपभोगको बन्दोबस्त गर्छ, सामूहिक र व्यक्तिगत साथसाथै राज्यका हितहरुलाई ध्यान दिन्छ, उत्पादनको वृद्धिको आधारमा जनताको भौतिक र सांस्कृतिक जीवनलाई क्रमिक रुपले सुधार गर्छ ।

## धारा - १५

राज्यले समाजवादी सार्वजनिक स्वामित्वको आधारमा आर्थिक योजनालाई कार्यान्वयन गर्छ । आर्थिक योजनाद्वारा पूरै सन्तुलित राष्ट्रिय अर्थतन्त्रको समानुपातिक र समन्वयात्मक वृद्धि र बजारको नियमको भूमिकालाई निर्धारित गर्छ ।

## धारा - १६

राज्यका उद्यमहरुलाई कानुनद्वारा निर्धारित सीमाभित्र बसेर सञ्चालन र

प्रबन्धको निर्णय गर्ने शक्ति हुन्छ । तिनीहरुले राज्यको एकीकृत नेतृत्वमा रहेर तथा राज्यको योजनाको मातहतमा आफ्ना दायित्वहरु पूरा गर्नुपर्छ ।

राज्यका उद्यमहरुले मजदुरहरु र कर्मचारीहरुको प्रतिनिधिसभामार्फत् र कानुनका अन्य उपायहरुबाट प्रजातान्त्रिक प्रबन्ध कार्यान्वयन गर्छ ।

**धारा - १७**

सामूहिक आर्थिक संगठनहरुसँग स्वतन्त्र आर्थिक गतिविधि सञ्चालन गर्ने निर्णायक शक्ति रहन्छ तर तिनीहरुले राज्य योजनाको निर्देशनलाई स्वीकार गर्नुपर्दछ र सम्बन्धित कानुनहरु पालन गर्नुपर्दछ ।

सामूहिक आर्थिक संगठनहरुले कानुनअनुसार प्रजातान्त्रिक प्रबन्ध कार्यान्वयन गर्छन्, त्यहाँका सबै मजदुरहरुले आफ्ना प्रबन्धक पदाधिकारीहरु चुन्ने र हटाउने तथा संगठन सञ्चालन र प्रबन्धसम्बन्धी मुख्य-मुख्य विषयमा निर्णय गर्छन् ।

**धारा - १८**

जनगणतन्त्र चीनले विदेशी उद्यमहरु, अरु विदेशी आर्थिक संगठनहरु र व्यक्तिगत रुपले विदेशीहरुलाई चीनमा लगानी गर्न तथा चिनियाँ उद्यमहरुसँग आर्थिक सहकार्यको विविध रुपहरुमा भाग लिन एवं जनगणतन्त्र चीनको कानुनानुसार अन्य आर्थिक संगठनहरुमा भाग लिन स्वीकृति प्रदान गर्छ ।

चीनमा सबै विदेशी उद्यमहरु र अरु विदेशी आर्थिक संगठनहरु, साथसाथै चिनियाँहरुसँग संयुक्त लगानी तथा चीनमा विदेशी लगानीले चीनको कानुनलाई पालन गर्नुपर्दछ । तिनीहरुको कानुनी अधिकारहरु र हितहरुलाई जनगणतन्त्र चीनको कानुनले संरक्षण गर्नेछ ।

**धारा - १९**

राज्यले समाजवादी शैक्षिक व्यवसायहरु विकास गर्दछ र सारा राष्ट्रको वैज्ञानिक र सांस्कृतिक स्तरलाई उठाउन कार्य गर्छ ।

राज्यले विभिन्न किसिमका विद्यालयहरु चलाउँछ, प्राथमिक शिक्षालाई अनिवार्य र सर्वसुलभ बनाउँछ, माध्यमिक, व्यवसायिक र उच्च शिक्षालाई विकास गर्छ र पूर्वविद्यालय शिक्षालाई उन्नत गराउँछ ।



राज्यले निरक्षरता उन्मूलन गर्न धेरै किसिमका शैक्षिक सहुलियतहरुको विकास गर्छ र मजदुरहरु, किसानहरु, सरकारी कर्मचारीहरु तथा अन्य कामदार जनताको निम्ति राजनैतिक, सांस्कृतिक, वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षा प्रदान गर्छ । राज्यले जनतालाई स्वतन्त्र शिक्षा प्रदान गर्छ । राज्यले जनतालाई स्वतन्त्र स्वअध्ययनबाट शिक्षित गर्न उत्साहित गर्छ ।

राज्यले सामूहिक आर्थिक संगठनहरु, राज्य उद्यमहरु तथा व्यवसायहरु एवं अन्य सामाजिक शक्तिहरुलाई कानुनअनुसार धेरै किसिमका शैक्षिक संस्थाहरु स्थापना गर्न उत्साहित गर्छ ।

राज्यले राष्ट्रव्यापी रुपमा पैचिङ्ग उच्चारणको आधारमा सामान्य भाषा (Putonghna) प्रयोग गर्न उत्साहित गर्छ ।

**धारा - २०**

राज्यले प्राकृतिक र सामाजिक विज्ञानहरुको विकासलाई बढावा दिन्छ, वैज्ञानिक र प्राविधिक ज्ञानलाई व्यापक बनाउँछ र वैज्ञानिक अनुसन्धान सँगसँगै प्राविधिक आविष्कारहरु र खोजबिनहरुको मूल्याङ्कन गर्छ र पुरस्कृत गर्छ ।

**धारा - २१**

राज्यले स्वास्थ्य तथा उपचार सेवा विकास गर्छ, आधुनिक उपचार तथा परम्परागत चिनियाँ उपचार विधिलाई प्रवर्द्धन गर्छ, ग्रामीण आर्थिक सहकारीहरु, राज्य उद्यमहरु र व्यवसायहरु एवं विदेशी संगठनहरुबाट विभिन्न किसिमका उपचार र स्वास्थ्य सहुलियतहरुलाई स्थापना गर्न उत्साहित गर्छ र सबैको जनस्वास्थ्यलाई रक्षा गर्न व्यापक समर्थन गर्छ, जनस्तरको सार्वजनिक स्वास्थ्य गतिविधिहरुलाई प्रवर्द्धन गर्छ ।

राज्यले शारीरिक संस्कृतिलाई विकास गर्छ र जनताको शारीरिक सुगठनको निर्माण गर्न जनस्तरमै खेलकुदका गतिविधिहरुको प्रवर्द्धन गर्छ ।

**धारा - २२**

राज्यले साहित्य र कला, छापाखाना, रेडियो प्रसारण र टीभी कार्यक्रमहरु, प्रकाशन र वितरण सेवाहरु, पुस्तकालयहरु, संग्रहालयहरु, सांस्कृतिक केन्द्रहरु तथा अन्य सांस्कृतिक कार्यक्रमहरुको विकासलाई प्रवर्द्धन गर्छ, ती सबैले जनता र समाजवादको सेवा

गर्छ तथा जनस्तरमै सांस्कृतिक गतिविधिहरुलाई सहयोग पुऱ्याउँछन् ।

राज्यले दर्शनीय स्थलहरु र ऐतिहासिक स्थलहरु, मूल्यवान सांस्कृतिक स्मारकहरु तथा सम्पदाहरु एवं चीनका ऐतिहासिक र सांस्कृतिक स्मारकहरुका अन्य महत्वपूर्ण वस्तुहरुलाई संरक्षण गर्छ ।

**धारा - २३**

राज्यले समाजवादलाई सेवा गर्ने सबै क्षेत्रका विशेषज्ञहरुलाई तालिम दिन्छ, बुद्धिजीवीहरुको संख्यालाई बढाउँछ र समाजवादी आधुनिकीकरणमा तिनीहरुको भूमिकालाई पूर्ण सहुलियत दिने परिस्थितिहरु तयार गर्छ ।

**धारा - २४**

राज्यले उच्च आदर्शहरु र नैतिकताको शिक्षा प्रचार गरेर समाजवादी भावनाको सभ्यताको निर्माणलाई बलियो बनाउँछ, सार्वजनिक शिक्षा र अनुशासन एवं कानुनी व्यवस्थाको शिक्षा तथा आचारसंहितालाई सूत्रवद्ध गर्दै एवं प्रचार गरेर शहरी तथा ग्रामीण क्षेत्रहरुका विभिन्न स्तरका जनताका साझा भावनाहरुलाई बलियो बनाउँछ ।

राज्यले मातृभूमि, जनता, श्रम, विज्ञान र समाजवादप्रति प्रेम गर्ने जनताका गुणहरुको पक्ष लिन्छ, राज्यले देशभक्ति, सामूहिकता, अन्तर्राष्ट्रियवाद र साम्यवाद एवं द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादबारे जनतालाई शिक्षित गर्छ, पूँजीवादी, सामन्ती र अन्य पतनोन्मुख विचारहरुसँग संघर्ष गर्छ ।

**धारा - २५**

राज्यले आर्थिक र सामाजिक विकासको योजनासँग जनसंख्या वृद्धिलाई मेल गराउन परिवार नियोजनलाई सम्वर्द्धन गर्छ ।

**धारा - २६**

राज्यले आवासीय वातावरण र पर्यावरणीय वातावरणलाई संरक्षण तथा प्रवर्द्धन गर्छ, प्रदूषण र अरु सार्वजनिक फोहरमैलालाई रोक्छ तथा हटाउँछ ।

राज्यले वृक्षरोपनलाई संगठित र उत्साहित गर्छ तथा वनलाई संरक्षण गर्छ ।

**धारा - २७**

कामको जिम्मेवारीको बदोबस्त, अधिकारीहरु एवं निरन्तर कामको गुणलाई



उन्नत गर्न आफ्नो कामको मूल्याङ्कन तथा कार्य दक्षताको बन्दोबस्त र कर्मचारीतन्त्रसँग लड्न राज्यका सबै अंगहरुले सरल र प्रभावकारी प्रशासनको सिद्धान्तलाई लागू गर्दछ ।

राज्यका सबै अंगहरु र पदाधिकारीहरु जनताको समर्थनमा भर पर्नुपर्दछ, तिनीहरुसँग घनिष्ठ सम्बन्ध राख्नैपर्दछ, तिनीहरुको मत र सुझावहरुमा ध्यान दिनैपर्दछ, तिनीहरुको सुपरिवेक्षणलाई स्वीकार्नैपर्छ र जनताको सेवा गर्न धेरै मेहनत गर्नैपर्छ ।

**धारा - २८**

राज्यले शान्ति सुरक्षा कायम गर्छ र षड्यन्त्रकारी तथा अन्य क्रान्तिविरोधी गतिविधिहरुलाई दबाउँछ, सार्वजनिक सुरक्षा र समाजवादी अर्थतन्त्रलाई खलबल्याउने एवं आपराधिक गतिविधिहरुलाई दण्ड दिलाउने कार्यहरु गर्छ तथा दण्ड दिन्छ र अपराधीहरुलाई सुधार्छ ।

**धारा - २९**

जनगणतन्त्र चीनका सशस्त्र सेना जनताप्रति बफादार छ । तिनीहरुको काम राष्ट्रिय रक्षालाई बलियो पार्नु, आक्रमणलाई रोक्नु, मातृभूमिको रक्षा गर्नु, जनताको शान्तिपूर्ण श्रमलाई जोगाउनु, राष्ट्रिय पुनर्निर्माणमा सहभागी हुनु एवं जनताको सेवामा कठोर मेहनत गर्नु हो ।

राज्यले राष्ट्रिय रक्षा क्षमतालाई बढाउन सशस्त्र शक्तिहरुलाई क्रान्तिकारीकरण, आधुनिकीकरण तथा नियमिततालाई बलियो बनाउँछ ।

**धारा - 30**

जनगणतन्त्र चीनको प्रशासनिक विभाजन निम्न प्रकारको छ -

१. देश केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा प्रान्तहरु, स्वायत्त क्षेत्रहरु र नगरपालिकाहरुमा विभाजित छ;
२. प्रान्तहरु र स्वायत्त क्षेत्रहरु स्वायत्त इलाकाहरु (Prefectures), काउन्टीहरु (Counties), स्वायत्त काउन्टीहरु तथा महानगरहरुमा विभाजित छन्;
३. काउन्टीहरु र स्वायत्त काउन्टीहरु नगरहरु (Township), राष्ट्रिय नगरहरु (Nationality townships) र नगरहरुमा विभाजित छन् ।

नगरपालिकाहरु प्रत्यक्ष रुपले केन्द्रीय सरकारको मातहतमा छन् र अन्य ठूल-

ठूला महानगरहरु जिल्ला र काउन्टीहरुमा विभाजित छन् । स्वायत्त इलाकाहरु काउन्टीहरु, स्वायत्त काउन्टीहरु र महानगरहरुमा विभाजित छन् ।

सबै स्वायत्त क्षेत्रहरु, स्वायत्त इलाकाहरु र स्वायत्त काउन्टीहरु राष्ट्रिय स्वायत्त इलाका हुन् ।

**धारा - ३१**

राज्यले आवश्यकताअनुसार विशेष प्रशासनिक क्षेत्र स्थापना गर्नसक्नेछ । विशेष परिस्थितिलाई ध्यानमा राखेर राष्ट्रिय प्रतिनिधिसभाले बनाएको ऐन-कानुनअनुसार विशेष प्रशासनिक प्रदेश संस्थागत गर्ने बन्दोबस्त गर्न सकिनेछ ।

**धारा - ३२**

जनगणतन्त्र चीनले चीनको भू-भागभित्र विदेशीहरुको कानुनी अधिकार र हितहरुको रक्षा गर्छ र चिनियाँ भू-भागमा रहँदा विदेशीहरुले जनगणतन्त्र चीनको ऐन-कानुनलाई पालना गर्नैपर्दछ ।

जनगणतन्त्र चीनले राजनैतिक कारणहरुले शरण माग्ने विदेशीहरुलाई स्वीकृति प्रदान गर्नेछ ।



**परिच्छेद - २**

# नागरिकहरुका मौलिक अधिकार र कर्तव्यहरु

**धारा - ३३**

जनगणतन्त्र चीनका राष्ट्रियता प्राप्त सबै व्यक्ति जनगणतन्त्र चीनका नागरिकहरु हुन् ।

जनगणतन्त्र चीनका सबै नागरिकहरु कानुनको अगाडि समान छन् ।

संविधान र ऐन-कानुनले निर्धारित गरेअनुसार हरेक नागरिकले अधिकारहरु उपभोग गर्न पाउँछन् र साथसाथै कर्तव्यहरु पनि निर्वाह गर्नैपर्दछ ।

**धारा - ३४**

ऐन-कानुनअनुसार राजनैतिक अधिकारबाट बञ्चित गरिएका व्यक्तिहरु बाहेक राष्ट्रियता, वर्ण, लिंग, पेशा, पारिवारिक पृष्ठभूमि, धार्मिक विश्वास, शिक्षा, सम्पत्तिको स्तर अथवा बसोबासको अवधिको भेदभावविना १८ वर्ष पुगेका जनगणतन्त्र चीनका सबै नागरिकहरुले मतदान गर्ने अधिकार राख्छन् र निर्वाचनमा उठ्न पाउँछन् ।

**धारा - ३५**

जनगणतन्त्र चीनका नागरिकहरुले बोल्ने स्वतन्त्रता, प्रेस स्वतन्त्रता, भेला हुने, संगठन खोल्ने, प्रदर्शन र जुलुस गर्न पाउँछन् ।

**धारा - ३६**

जनगणतन्त्र चीनमा नागरिकहरुले धार्मिक विकासको स्वतन्त्रता पाउँछन् ।

राज्यको कुनै अंग, जनसंगठन वा व्यक्तिले कुनै पनि धर्मलाई विश्वास गर्न वा विश्वास नगर्न बाध्य पार्न सक्दैन न त कुनै धर्म मान्ने वा नमान्ने नागरिकहरुप्रति विभेद गर्न पाउँछन् ।

राज्यले सामान्य धार्मिक गतिविधिहरुलाई संरक्षण गर्छ । कसैले पनि सार्वजनिक व्यवस्थालाई बाधा हुने, नागरिकहरुको स्वास्थ्यमा क्षति पुग्ने वा राज्यको शिक्षा प्रणालीमा हस्तक्षेप हुने कुनै पनि धार्मिक गतिविधिमा संलग्न गर्न पाउनेछैन ।

धार्मिक संस्थाहरु र धार्मिक कार्यहरु कुनै पनि विदेशी प्रभुत्वमा रहनेछैनन् ।

## धारा - ३७

जनगणतन्त्र चीनका नागरिकहरुको व्यक्तिगत स्वतन्त्रता अनुल्लंघनीय छ ।

जनताको न्यायाधिवक्ताको स्वीकृति वा निर्णय वा जनअदालतको निर्णयविना कुनै पनि नागरिकलाई पक्राउ गरिनेछैन र पक्राउ सार्वजनिक सुरक्षा अंगले मात्र गर्नेछ ।

नागरिकहरुको व्यक्तिगत स्वतन्त्रतालाई गैरकानुनी ढंगले बञ्चित गर्ने अथवा नियन्त्रण गर्ने वा अरु उपायद्वारा थुनामा राख्न निषेध गरिएको छ र नागरिकहरुको गैरकानुनी व्यक्तिगत खानतलासी निषेध गरिएको छ ।

## धारा - ३८

जनगणतन्त्र चीनका नागरिकहरुको व्यक्तिगत प्रतिष्ठा अनुल्लंघनीय छ । बेइज्जती, मानहानी, झूटा आरोप अथवा कुनै पनि उपायबाट नागरिकहरुविरुद्ध षड्यन्त्र गर्नु निषेध गरिएको छ ।

## धारा - ३९

जनगणतन्त्र चीनका नागरिकहरुको घर अनुल्लंघनीय छ । नागरिकको घरमा गैरकानुनी खानतलासी अथवा घुसपैठ गर्नु निषेधित छ ।

## धारा - ४०

जनगणतन्त्र चीनका नागरिकहरुको पत्राचारको स्वतन्त्रता र गुप्ततालाई कानुनले संरक्षित गर्छ । कुनै पनि संगठन वा व्यक्तिले कुनै पनि आधारमा राज्यको सुरक्षाको आवश्यकताको निम्ति वा आपराधिक आरोपको छानबिनको निम्ति सार्वजनिक सुरक्षा अथवा महान्यायधिवक्ताका अंगहरुलाई कानुनअनुसार प्रक्रियाअन्तर्गत पत्राचारको छानबिन गर्न छुट दिएबाहेक नागरिकहरुको पत्राचारको स्वतन्त्रता र गुप्ततालाई उल्लंघन गर्नेछैन ।

## धारा - ४१

जनगणतन्त्र चीनका नागरिकहरुलाई कुनै पनि राज्यको अंग वा पदाधिकारीलाई आलोचना गर्ने वा सुझावहरु प्रस्तुत गर्ने अधिकार छ । नागरिकहरुले सम्बन्धित राज्यका अंगहरुको विरोधमा गुनासो र आरोपहरु लगाउने वा उदांग्याउने वा कुनै पनि राज्यको



अंगले अथवा पदाधिकारीले ऐन-कानुनको उल्लंघन गरेको वा कर्तव्य पालन नगरेको आरोप लगाउने अधिकार छ तर तथ्यहरुलाई बढाइचढाइ गर्ने अथवा मानहानीको उद्देश्यबाट तथ्यहरुलाई बंग्याइ तिंग्याइ गर्ने अथवा षड्यन्त्र गर्न निषेध छ ।

राज्यको सम्बन्धित अंगले जिम्मेवारीपूर्ण ढंगले तथ्यको जाँचबुझपछि नागरिकहरुको गुनासो, आरोपहरु अथवा उदांग्याइहरुबारे कारबाही गर्नैपर्दछ । कसैले पनि त्यस्ता उजुरी, आरोपहरु र उदांग्याइहरुलाई दबाउने छैन अथवा त्यसो गर्ने नागरिकहरु विरुद्ध बदला लिनेछैन ।

राज्यका कुनै पनि अंग वा पदाधिकारीबाट नागरिकका अधिकारहरु उल्लंघन हुँदा पीडित पक्षलाई कानुनअनुसार क्षतिपूर्तिको अधिकार छ ।

## धारा - ४२

जनगणतन्त्र चीनका नागरिकलाई अधिकार जस्तै काम गर्ने कर्तव्य पनि छ ।

विभिन्न उपायहरुमार्फत् राज्यले रोजगारको परिस्थिति निर्माण गर्छ, श्रम उत्पादनलाई बलियो बनाउँछ, काम गर्ने वातावरणलाई उन्नत गर्छ तथा उत्पादनको विस्तारको आधारमा काम तथा सामाजिक हितको निम्ति पारिश्रमिकलाई बढाउँछ ।

काम गर्नु हरेक शारीरिक सक्षम नागरिकको निम्ति गौरवपूर्ण कर्तव्य हो । राज्यका उद्यमहरु शहरी र ग्रामीण आर्थिक सहकारीहरुमा काम गर्ने सबै कामदार जनताले देशका मालिकको हैसियतले आ-आफ्नो कार्य प्रदर्शन गर्नुपर्दछ । राज्यले समाजवादी श्रम प्रतिस्पर्धालाई अगाडि बढाउँछ र राज्यले आदर्श र अगाडि बढेका मजदुरहरुलाई प्रशंसा र पुरस्कृत गर्छ । राज्यले नागरिकहरुलाई श्रमदानमा सहभागी हुन उत्साहित गर्छ ।

राज्यले नागरिकहरुलाई रोजगारी दिनभन्दा पहिलो आवश्यक व्यावसायिक तालिम प्रदान गर्छ ।

## धारा - ४३

जनगणतन्त्र चीनका कामदार जनतालाई आराम गर्ने अधिकार छ ।

राज्यले कामदार जनताको निम्ति आराम गर्ने तथा स्वास्थ्यलाभ गर्ने सहुलियतहरुलाई विस्तार गर्छ र काम गर्ने समय अवधि तथा मजदुरहरु एवं कर्मचारीहरुको

विदाको सिफारिस गर्छ ।

**धारा - ४४**

राज्यले उद्योगधन्दा र योजनामा काम गर्ने मजदुरहरु र कर्मचारी एवं राज्यका अंगका पदाधिकारीहरुको अवकाशको व्यवस्थाको कानुनलाई सिफारिस गर्छ । राज्य र समाजले अवकाश प्राप्त व्यक्तिहरुको जीवनयापनको सुनिश्चितता प्रदान गर्छ ।

**धारा - ४५**

जनगणतन्त्र चीनका नागरिकहरुले वृद्ध-वृद्धा हुँदा, बिरामी र असक्षम हुँदा राज्य र समाजबाट भौतिक सहयोग पाउने अधिकार राख्छन् । नागरिकहरुले यी अधिकार उपभोग गर्न आवश्यकताअनुसार राज्यले सामाजिक बिमा, सामाजिक राहत एवं उपचार र स्वास्थ्य सेवा विकास गर्छ ।

राज्य र समाजले सशस्त्र शक्तिहरुका असक्षम सदस्यहरुको जीवनयापनको सुनिश्चितता गर्छ, शहीदहरुका परिवारहरुलाई निवृत्तिभरण प्रदान गर्छ तथा सैनिक जवानहरुका परिवारहरुलाई महत्वका साथ व्यवहार गर्नेछ ।

राज्य र समाजले दृष्टिविहीन, लाटा-बहिरा र अन्य अपांग नागरिकहरुलाई कामको, जीवनयापन र शिक्षाको निम्ति बन्दोबस्त गर्न सहयोग गर्छ ।

**धारा - ४६**

जनगणतन्त्र चीनका नागरिकहरुलाई शिक्षा पाउने अधिकार भए जस्तै कर्तव्य पनि हुन्छ ।

राज्यले बालबालिकाहरु र युवा जनताको चौतर्फी नैतिक, बौद्धिक र शारीरिक विकासको निम्ति प्रवर्द्धन गर्छ ।

**धारा - ४७**

जनगणतन्त्र चीनका नागरिकहरुलाई वैज्ञानिक अनुसन्धान, साहित्यिक र कलात्मक सिर्जना तथा अरु सांस्कृतिक अन्वेषणमा संलग्न हुने स्वतन्त्रता छ । राज्यले शिक्षा, विज्ञान, प्रविधि, साहित्य, कला र अन्य सांस्कृतिक कार्यमा संलग्न नागरिकहरुबाट जनताको हितमा गरिएका रचनात्मक प्रयत्नहरुलाई प्रेरित गर्न सहयोग गर्छ र उत्साहित गर्छ ।

**धारा - ४८**



जनगणतन्त्र चीनमा स्वास्नीमानिसहरुले राजनैतिक, आर्थिक, सांस्कृतिक र पारिवारिक जीवनसँगै सामाजिक जीवनका सबै क्षेत्रमा लोग्नेमानिससरह उपभोग गर्ने समान अधिकार छ ।

राज्यले स्वास्नी मानिसहरुका अधिकारहरु र हितहरुको रक्षा गर्छ, लोग्नेमानिस र स्वास्नीमानिसहरुको समान कामको समान ज्यालाको सिद्धान्त लागू गर्छ र स्वास्नीमानिसहरुलाई पनि तालिम गर्छ र कार्यकर्ताहरु छान्छ ।

**धारा - ४९**

राज्यले विवाह, परिवार र आमा तथा बालकलाई संरक्षण गर्छ ।

लोग्ने र स्वास्नी दुवैले परिवार नियोजन अपनाउनु कर्तव्य हो ।

आफ्ना नाबालक केटाकेटीलाई पालनपोषण गर्नु र शिक्षा दिनु आमाबाबुको कर्तव्य हो र आ-आफ्ना आमाबाबुलाई समर्थन गर्नु र सहयोग गर्नु उमेर पुगेका छोराछोरीहरुको कर्तव्य हो ।

विवाहको स्वतन्त्रताको उल्लंघन निषेध छ । वृद्ध जनता, आइमाई र केटाकेटीहरुलाई दुर्व्यवहार गर्नु वर्जित छ ।

**धारा ५०**

जनगणतन्त्र चीनले विदेशमा बसेका चिनियाँ राष्ट्रहरुको कानुनी अधिकार र हितको रक्षा गर्छ, समुद्रपारबाट फर्केका चिनियाँहरुको कानुनी अधिकार र हितको रक्षा गर्छ र विदेशमा बसेका चिनियाँहरुका परिवारहरुका सदस्यहरुको हित र अधिकारहरुको रक्षा गर्छ ।

**धारा - ५१**

जनगणतन्त्र चीनका नागरिकहरुले आफ्ना स्वतन्त्रताहरु र अधिकारहरु पालन गर्दा राज्य, समाज र सहकारीका हितहरु उल्लंघन गर्नेछैन वा अन्य नागरिकहरुको कानुनी स्वतन्त्रताहरु र अधिकारहरु हनन गर्नेछैन ।

**धारा - ५२**

जनगणतन्त्र चीनका नागरिकहरुको कर्तव्य देशको एकतालाई र देशका सबै राष्ट्रहरुको एकतालाई संरक्षण गर्नु हो ।

**धारा - ५३**

जनगणतन्त्र चीनका नागरिकहरुले संविधान र ऐन-कानुनलाई पालन गर्नैपर्छ, राज्यका गुप्तताहरु कायम राख्नैपर्छ, सार्वजनिक सम्पत्तिलाई रक्षा गर्नुपर्छ र श्रम अनुशासन तथा सार्वजनिक सुव्यवस्थालाई ध्यान दिनैपर्छ एवं सामाजिक मूल्य-मान्यताहरुलाई आदर गर्नैपर्छ ।

**धारा - ५४**

जनगणतन्त्र चीनका नागरिकहरुको कर्तव्य मातृभूमिको सुरक्षा, प्रतिष्ठा र हितलाई जोगाउनु हो, तिनीहरुले मातृभूमिको सुरक्षा, प्रतिष्ठा र हितलाई हानी हुने कामहरु गर्नुहुँदैन ।

**धारा - ५५**

मातृभूमिको रक्षा गर्नु र आक्रमणसँग भिड्नु जनगणतन्त्र चीनका हरेक नागरिकको पवित्र उत्तरदायित्व हो । सैनिक सेवामा पदार्पण गर्नु र ऐन-कानुनअनुसार मिलेसियामा सामेल हुनु जनगणतन्त्र चीनका नागरिकहरुको सम्माननीय कर्तव्य हो ।

**धारा - ५६**

ऐन-कानुनअनुसार करहरु तिर्नु जनगणतन्त्र चीनका नागरिकहरुको कर्तव्य हो ।



## चीनको प्रशासनिक क्षेत्र विभाजन

| प्रान्त | राजधानी | स्वशासित क्षेत्र | राजधानी |
|---|---|---|---|
| कान्सु (Gansu) | लानचाउ | सिन्च्याङ उइगुर | उरुम्चि |
| छिङ्हाइ (Qinghai) | सिनिङ्ग | तिब्बत | ल्हासा |
| युनान (Yunan) | कुन्मिङ्ग | भित्री मंगोलियाली | होहहोत |
| सिच्वान (Sichuan) | चेङतु | निङसिया हुइ | चिनचुआन |
| शाआन्सि (Shaanxi) | सियान | क्वाङसि च्वाङ्ग | नान्निङ्ग |
| शान्सि (Shanxi) | थाइयुआन | | |
| हपैइ (Hebei) | शिच्याचुङ्ग | **महानगर** | **सदरमुकाम** |
| लियाओनिङ्ग (Lianoning) | शेन्याङ्ग | पैइचिङ्ग | पैइचिङ्ग |
| चिलिन (Jilin) | चाङ्गचुन | थेन्चिन | थेन्चिन |
| हेलिओङ्च्याङ्ग (Heilongjiang) | हारबिन | शाङहाइ | शाङहाइ |
| शान्तोङ्ग (Shandong) | चिनान | चोङछिङ्ग | चोङ्गछिङ्ग |
| हेनान (Henan) | चेङ्गचोउ | | |
| चियाङ्सु (Jiangsu) | नान्चिङ्ग | **टापु** | |
| आनहुइ (Anhui) | हफइ | थाइवान | थाइपेइ |
| हुपैइ (Hubei) | उहान | हैनान | हाइकोउ |
| चेच्याङ्ग (Zheijiang) | हाङ्गचाउ | हङकङ | |
| चियाङ्सी (Jiangxi) | नान्चाङ्ग | मकाओ | |
| हुनान (Hunan) | चाङ्गशा | | |
| कुइचो (Guizhou) | कुइयाङ्ग | | |
| फुचियान (Fujian) | फुचो | | |
| क्वाङ्गतोङ्ग (Guangdong) | क्वाङ्गचाउ | | |

# चीनको प्रशासनिक क्षेत्र विभाजन




यस नक्सामा अन्तर्राष्ट्रिय सीमारेखा जनगणतन्त्र चीनको भौगोलिक नक्साको १:४,००,००० नाप छ जुन चिनियाँ कार्टोग्राफिक प्रकाशन गृहले सन् १९८९ मा प्रकाशित गरेको थियो ।

परिच्छेद - ३

# राज्यको संरचना

## खण्ड एक

## राष्ट्रिय जनप्रतिनिधिसभा

**धारा - ५७**

राष्ट्रिय जनप्रतिनिधिसभा (The National People's Congress) जनगणतन्त्र चीनको राज्यसत्ताको सर्वोच्च अंग हो । यसको स्थायी अंग राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समिति (Standing Committe) हो ।

**धारा - ५८**

राष्ट्रिय जनप्रतिनिधिसभा र यसको स्थायी समितिले राज्यको व्यवस्थापिका शक्ति कार्यान्वयन गर्छन् ।

**धारा - ५९**

राष्ट्रिय जनप्रतिनिधिसभा प्रान्तहरु, स्वायत्त प्रदेशहरु र केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा रहेका नगरपालिकाहरुका निर्वाचित प्रतिनिधिहरु र सशस्त्र शक्तिहरुका प्रतिनिधिहरुबाट गठन हुन्छ । सबै अल्पसंख्यक राष्ट्रहरुको पनि उचित प्रतिनिधित्व हुन्छ ।

राष्ट्रिय जनप्रतिनिधिसभाका प्रतिनिधिहरुको निर्वाचन राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिले सञ्चालन गर्छ ।

राष्ट्रिय जनप्रतिनिधिसभाका प्रतिनिधिहरुको संख्या र तिनीहरुको निर्वाचनको तरिका कानुनमा उल्लेख भएबमोजिम हुन्छ ।

**धारा - ६०**

राष्ट्रिय जनप्रतिनिधिसभा ५ वर्षको कार्यावधिको निम्ति निर्वाचित हुन्छ ।

राष्ट्रिय जनप्रतिनिधिसभाको कार्यकाल अन्त हुनु दुई महिनाअगाडि यसको स्थायी समितिले आउँदो राष्ट्रिय जनप्रतिनिधिसभाको प्रतिनिधिहरुको निर्वाचन हुने निर्धारित

गर्नैपर्छ । विशेष परिस्थितिहरुमा निर्वाचन स्थगित गर्न सक्नेछ, चालू राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिका सबै सदस्यहरुको दुईतिहाइ बहुमतको निर्णयले निर्वाचन स्थगित गर्न सक्नेछ र चालू राष्ट्रिय जनप्रतिनिधिसभाको कार्यावधि बढाउन सक्नेछ । विशेष परिस्थितिहरुमा स्थगित गरेको समयावधिको एकवर्षभित्र राष्ट्रिय जनप्रतिनिधिसभाका प्रतिनिधिहरुको निर्वाचन पूरा गर्नुपर्छ ।

**धारा - ६१**

राष्ट्रिय जनप्रतिनिधिसभाको अधिवेशन वर्षको एक पटक बस्छ र यसको स्थायी समितिले यसको आह्वान गर्छ । स्थायी समितिले आवश्यक सम्झेमा वा राष्ट्रिय जनप्रतिनिधिसभाका प्रतिनिधिहरुको पाँच भागको एक भाग (one fifth of the deputies) भन्दाबढीले अधिवेशनको प्रस्ताव राखेमा राष्ट्रिय जनप्रतिनिधिसभाको अधिवेशन कुनै पनि बेला आह्वान गर्न सक्नेछ ।

राष्ट्रिय जनप्रतिनिधिसभा बस्दा यसले सदन सञ्चालन गर्न एक अध्यक्षमण्डलको निर्वाचन गर्छ ।

**धारा - ६२**

राष्ट्रिय जनप्रतिनिधिसभाले निम्न कार्यहरु र शक्तिहरु कार्यान्वयन गर्छ -

१) संविधानको संशोधन गर्नु;
२) संविधानको कार्यान्वयनमा सुपरिवेक्षण गर्नु;
३) फौजदारी अपराधहरु, देवानी मामला, राज्यका अंगहरु र अन्य विषयहरुको सम्बन्धित आधारभूत ऐन-कानुनलाई पारित गर्नु र संशोधन गर्नु;
४) जनगणतन्त्र चीनको राष्ट्रपति र उप-राष्ट्रपतिको निर्वाचन गर्नु;
५) जनगणतन्त्र चीनको राष्ट्रपतिको मनोनयनमा राज्यपरिषद्को प्रधानमन्त्री (the premier of the state council) को चयनको निर्णय गर्नु र प्रधानमन्त्रीको मनोनयनमा राज्यका सल्लाहकारहरु, मन्त्रालय वा आयोगहरुका मन्त्रीहरु एवं महालेखापरीक्षक, महान्यायाधिवक्ता र राज्यपरिषद्का महासचिवको चयनको निर्णय गर्नु;
६) केन्द्रीय सैनिक आयोग (the central military commission) का अध्यक्षको चुनाव गर्नु र अध्यक्षको मनोनयनमा केन्द्रीय सैनिक आयोगका अन्य सबै सदस्यहरुको चयनलाई निर्वाचन गर्नु;
७) सर्वोच्च जनअदालत को सभापतिको (the president of the supreme people's court) चुनाव गर्नु;
८) सर्वोच्च जनअदालतका महान्यायाधिवक्ता (the supreme peoples's procutatorate) को निर्वाचन गर्नु;
९) राष्ट्रिय आर्थिक योजना र सामाजिक विकास तथा यसको कार्यान्वयनको प्रतिवेदनको निरीक्षण गर्नु तथा पारित गर्नु;
१०) राज्यको बजेट र यसको कार्यान्वयनको प्रतिवेदनको निरीक्षण गर्नु तथा पारित गर्नु;
११) राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिको अनुपयुक्त निर्णयलाई हेरफेर गर्नु वा खारेज गर्नु;
१२) प्रान्तहरु, स्वायत्त प्रदेशहरु र केन्द्रीय सरकारका प्रत्यक्ष मातहतका नगरपालिकाहरुको स्थापनालाई अनुमोदन गर्नु;
१३) विशेष प्रशासनिक प्रदेशहरुको स्थापना र त्यहाँको संस्थागत प्रणालीबारे निर्णय गर्नु;
१४) युद्ध र शान्तिको प्रश्नबारे निर्णय गर्नु; र
१५) राज्यसत्ताको सर्वोच्च अंगको रुपमा गर्नुपर्ने अन्य कार्यहरु र शक्तिहरु कार्यान्वयन गर्नु ।



**धारा - ६३**

राष्ट्रिय जनप्रतिनिधिसभाले निम्न पदाधिकारीहरुलाई प्रत्याह्वान वा हटाउने अधिकार राख्छ -

१) जनगणतन्त्र चीनको राष्ट्रपति र उप-राष्ट्रपति;
२) प्रधानमन्त्री, उप-प्रधानमन्त्रीहरु, राज्य सल्लाहकारहरु, मन्त्रालयहरु र आयोगहरुका जिम्मेवार मन्त्रीहरु तथा महालेखापरीक्षक र राज्यपरिषद्का महासचिव;
३) केन्द्रीय सैन्य आयोग र अन्य आयोगका अध्यक्ष;

४) सर्वोच्च जनअदालतका सभापति; र

५) सर्वोच्च जनन्यायाधिवक्ता कार्यालयका महान्यायाधिवक्ता ।

**धारा - ६४**

संविधानको संशोधनको प्रस्ताव राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समिति वा राष्ट्रिय जनप्रतिनिधिसभाको पाँच भागको एक भागभन्दा बढी प्रतिनिधिहरुले प्रस्ताव राख्नुपर्नेछ र प्रतिनिधिसभाका सबै सदस्यहरुको दुई तिहाइभन्दा बढीको बहुमतले पारित गर्नेछ ।

विधेयकहरु र प्रस्तावहरु राष्ट्रिय जनप्रतिनिधिसभाका प्रतिनिधिहरुको आधाभन्दा बढीको बहुमतले पारित गरिन्छन् ।

**धारा - ६५**

राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समिति निम्न पदाधिकारीबाट गठन हुन्छ- अध्यक्ष, उपाध्यक्षहरु, महासचिव र सदस्यहरु ।

राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिमा अल्पसंख्यक राष्ट्रहरुका उपयुक्त प्रतिनिधित्व हुन्छ ।

राष्ट्रिय जनप्रतिनिधिसभा स्थायी समितिका सबैलाई चुन्ने र तिनीहरुलाई प्रत्याह्वान गर्ने अधिकार राख्छ ।

राष्ट्रिय जनप्रातिनिधिसभाको स्थायी समितिको कुनै पनि सदस्यले प्रशासनिक, न्यायिक वा राज्यका कानुनी (procuratorial) अंगहरुको कुनै पद ग्रहण गर्नेछैन ।

**धारा - ६६**

राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिको कार्यावधि राष्ट्रिय जनप्रतिनिधिसभा जत्तिकै समयको निम्ति निर्वाचित हुन्छ; यसले आफ्ना कार्यहरु र शक्तिहरु आउँदो राष्ट्रिय जनप्रतिनिधिसभाबाट नयाँ स्थायी समितिको निर्वाचन नगरेसम्म प्रयोग गरिरहन्छ ।

स्थायी समितिका अध्यक्ष र उपाध्यक्षहरुले दुई पदावधिभन्दा बढी सेवा गर्दैनन् ।

**धारा - ६७**

राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिले निम्न कार्यहरु र शक्तिहरु प्रयोग गर्छ-



१) संविधानको व्याख्या गर्नु र संविधान लागू गर्दा सुपरिवेक्षण गर्नु;

२) राष्ट्रिय जनप्रतिनिधिसभाले बनाउनुपर्ने विधेयकहरुबाहेक विधेयकहरु बनाउनु र ऐन-कानुन संशोधन गर्नु ।

३) राष्ट्रिय जनप्रतिनिधिसभा चालू नहुँदा राष्ट्रिय जनप्रतिनिधिसभाद्वारा पारित विधेयकहरुको आधारभूत सिद्धान्तहरुसँग नबाझिने गरी विधेयकहरुको आंशिक थपघट र संशोधन गर्नु;

४) विधेयकहरुको व्याख्या गर्नु;

५) राष्ट्रिय जनप्रतिनिधिसभाको सदन चालू नहुँदा राष्ट्रिय आर्थिक योजनाको आंशिक समायोजन र सामाजिक विकास तथा राज्य बजेटको कार्यान्वयनको सिलसिलामा आवश्यक भएमा निरीक्षण र स्वीकृति प्रदान गर्नु;

६) राज्यपरिषद्, केन्द्रीय सैन्य आयोग, सर्वोच्च जनअदालत र जनताको महान्यायाधिवक्ता कार्यालयको कामको सुपरिवेक्षण गर्नु;

७) संविधान र ऐन-कानुनसँग बाझिने राज्यपरिषद्बाट गरेका निर्णयहरु र आदेशहरु, प्रशासनिक नियम र उप-नियमहरु खारेज गर्नु;

८) प्रान्तहरु, स्वायत्त प्रदेशहरु र केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा रहेका नगरपालिकाहरुको राज्य शक्तिका अंगहरुको संविधान, ऐन-कानुन अथवा प्रशासनिक नियम र उप-नियमहरुसँग बाझिएका स्थानीय नियमहरु र निर्णयहरु बदर गर्नु;

९) राष्ट्रिय जनप्रतिनिधिसभाको सदन चालू नरहँदा राज्यपरिषद्का प्रधानमन्त्रीद्वारा मनोनीत मन्त्रालयहरु वा आयोगहरुका मन्त्रीहरुको अथवा महालेखापरीक्षक र राज्यपरिषद्का महासचिवको छनोटलाई निर्णय गर्नु;

१०) राष्ट्रिय जनप्रतिनिधिसभाको सदन चालू नरहँदा केन्द्रीय सैन्य आयोगका अध्यक्षद्वारा मनोनीत, आयोगहरुका अन्य छनोटलाई निर्णय गर्नु;

११) उप-राष्ट्रपतिहरु र सर्वोच्च जनअदालतका न्यायाधीशहरु, न्यायिक समितिका सदस्यहरु र सर्वोच्च जनअदालतको सभापतिको सल्लाहमा सैन्य अदालतको सभापतिको नियुक्ति र खारेज गर्नु;

१२) उप-महान्यायाधिवक्ता र महान्यायाधिवक्ता कार्यालयका वकिलहरु, महान्यायाधिवक्ता समितिका सदस्यहरु र सर्वोच्च जनमहान्यायाधिवक्ता कार्यालयको महा-न्यायाधिवक्ताको सल्लाहमा सैन्य महान्यायाधिवक्ताको प्रमुखको नियुक्ति गर्नु र हटाउनु तथा प्रान्तहरु, स्वायत्त प्रदेशहरु र केन्द्रीय सरकारको प्रत्यक्ष मातहतका नगरपालिकाहरुको जनमहान्यायाधिवक्ताहरुको प्रमुखको अनुमोदन गर्नु;

१३) विदेशमा बसेका पूर्ण अधिकार भएका राजदूतहरुको नियुक्ति र प्रत्याह्वानको निर्णय गर्नु;

१४) विदेशी राज्यहरुसँग गरिएका सन्धिहरु र महत्वपूर्ण सम्झौताहरुलाई मन्जुरी र खारेज गर्ने निर्णय गर्नु;

१५) सैनिक र कूटनैतिक पदाधिकारीहरुको र अन्य विशेष मानपदवी र दर्ज्यानीको व्यवस्था संस्थागत गर्नु;

१६) राजकीय सम्मानको पदक र पदवीलाई संस्थागत गर्नु र त्यसलाई प्रदान गर्नेबारे निर्णय गर्नु;

१७) विशेष क्षमादान दिनेबारे निर्णय गर्नु;

१८) राष्ट्रिय जनप्रतिनिधिसभाको सदन चालू नरहँदा देशमाथि सशस्त्र आक्रमणको घटनामा युद्धको स्थितिको घोषणा अथवा आक्रमणको विरोधमा साझा रक्षाको सम्बन्धमा अन्तर्राष्ट्रिय सन्धि-सम्झौताका दायित्व पूरा गर्ने निर्णय गर्नु;

१९) पूर्ण सैन्य सञ्चालन वा आंशिक सैन्य सञ्चालनको निर्णय गर्नु;

२०) देशभरि वा खास खास प्रान्तहरुमा, स्वायत्त प्रदेशहरुमा अथवा प्रत्यक्ष रुपले केन्द्रीय सरकारको मातहतका नगरपालिकाहरुमा सैनिक कानुन लागू गर्ने निर्णय गर्नु; र

२१) राष्ट्रिय जनप्रतिनिधिसभाले यसलाई प्रत्यायोजन जस्ता अन्य कार्यहरु र शक्तिहरु प्रयोग गर्नु ।



**धारा - ६८**

राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिका अध्यक्षले स्थायी समितिको अध्यक्षता गर्छ र यसको बैठक बोलाउँछ । उपाध्यक्ष र महासचिवले अध्यक्षको कार्यलाई सहयोग गर्छन् ।

अध्यक्षसँगको कार्यकारी बैठकहरुमा उपाध्यक्ष र महासचिवले राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिको महत्वपूर्ण दैनिक कार्यहरु सञ्चालन गर्छन् ।

**धारा - ६९**

राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समिति राष्ट्रिय जनप्रतिनिधिसभाप्रति उत्तरदायी छ र यसले जनप्रतिनिधिसभामा आफ्नो कार्यको प्रतिवेदन प्रस्तुत गर्छ ।

**धारा - ७०**

राष्ट्रिय जनप्रतिनिधिसभाले राष्ट्रियताहरुको समिति, कानुन समिति, वित्तीय र अर्थ समिति, शिक्षा, विज्ञान, संस्कृति तथा जनस्वास्थ्य समिति, परराष्ट्र मामिला समिति, प्रवासी चिनियाँ समिति र आवश्यक अन्य विशेष समितिहरु निर्माण गर्छ । जनप्रतिनिधिसभाको बैठक नहुँदा राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिको निर्देशनमा ती विशेष समितिहरु सञ्चालन हुन्छन् ।

राष्ट्रिय जनप्रतिनिधिसभा र यसको स्थायी समितिको निर्देशनमा विशेष समितिहरुले सान्दर्भिक विधेयकहरु र मस्यौदा प्रस्तावहरुमाथि जाँचबुझ, छलफल र निर्णय गर्छन् ।

**धारा - ७१**

राष्ट्रिय जनप्रतिनिधिसभा र यसको स्थायी समितिले आवश्यक सम्झेमा समितिहरुको प्रतिवेदनअनुसार विशेष प्रश्नहरुमा जाँचबुझ समितिहरु गठन गर्न सक्नेछ र सान्दर्भिक प्रस्तावहरु पारित गर्नसक्नेछ ।

राज्यका सबै अंगहरु, वर्गीय (वा जनसंगठनहरु) र सम्बन्धित नागरिकहरु जाँचबुझको सिलसिलामा ती समितिहरुलाई आवश्यक सूचनाहरु प्रदान गर्नु आ-आफ्नो दायित्व हुनेछ ।

**धारा - ७२**

राष्ट्रिय जनप्रतिनिधिसभाका सदस्यहरुले र यसको स्थायी समितिका सदस्यहरुले कानुनले तोकेको प्रक्रियाबमोजिम विधेयकहरु प्रस्तुत गर्ने र राष्ट्रिय जनप्रतिनिधिसभा र यसको स्थायी समितिको कार्य र अधिकार क्षेत्रहरुभित्र रहेर प्रस्तावहरु राख्ने अधिकारहरु राख्छन् ।

**धाराल - ७३**

राष्ट्रिय जनप्रतिनिधिसभाको सदन चलिरहँदा यसका सदस्यहरुमा, स्थायी समितिको बैठक चलिरहँदा यसका सदस्यहरुमा कानुनले निर्धारित प्रक्रियाअनुसार राज्यपरिषद् (मन्त्रिपरिषद्-अ.) अथवा मन्त्रालयहरु र राज्यपरिषद् मातहतका आयोगहरुसँग प्रश्न गर्ने अधिकार हुनेछन् र तिनीहरु जिम्मेवारीपूर्वक ती प्रश्नहरुको उत्तर दिनैपर्दछ ।

**धारा - ७४**

राष्ट्रिय जनप्रतिनिधिसभाको बैठक चालू रहँदा अध्यक्षमण्डलको स्वीकृतिविना अथवा राष्ट्रिय प्रतिनिधिसभा चालू नरहँदा यसको स्थायी समितिको स्वीकृतिविना राष्ट्रिय जनप्रतिनिधिसभाको कुनै पनि सदस्यलाई पक्राउ गरिनेछैन वा फौजदारी मुद्दा लगाइनेछैन ।

**धारा - ७५**

राष्ट्रिय जनप्रतिनिधिसभाका सदस्यहरुलाई आफ्ना भाषणहरु दिएको वा बैठकहरुमा मतदान गर्दा कानुनी जिम्मेवारी बहन गर्नुपर्नेछैन ।

**धारा - ७६**

राष्ट्रिय जनप्रतिनिधिसभाका सदस्यहरुले संविधान र ऐन-कानुनको पालना गर्ने कार्यमा र राज्यको गुप्तता कायम राख्न उदाहरणको भूमिका खेल्नुपर्दछ तथा उत्पादन र अन्य कार्य एवं आफ्ना जनमुखी गतिविधि एवं संविधान र ऐन-कानुन लागू गर्न सहयोगीको भूमिकामा उदाहरणीय भूमिका खेल्नुपर्दछ ।

राष्ट्रिय जनप्रतिनिधिसभाका सदस्यहरुले आफू निर्वाचित इकाइ (क्षेत्र-अ.) र जनतासँग घनिष्ट सम्बन्ध कायम राख्नुपर्दछ, तिनीहरुको कुरा सुन्नुपर्दछ र तिनीहरुको राय-सुझाव तथा जनताका मागहरु अवगत गराउनुपर्दछ र तिनीहरुको सेवाको निम्ति मेहनत गर्नुपर्दछ ।



**धारा - ७७**

राष्ट्रिय जनप्रतिनिधिसभाका सदस्यहरु आफू निर्वाचित इकाइको सुपरिवेक्षण निम्ति जिम्मेवार हुनेछन् । निर्वाचक इकाइलाई कानुनमा व्यवस्था भएअनुसार आफूले निर्वाचित गरेकालाई प्रत्याह्वान गर्ने शक्ति हुनेछ ।

**धारा - ७८**

राष्ट्रिय जनप्रतिनिधिसभा र यसको स्थायी समितिको संगठन र कार्य पद्धति कानुनले निर्धारित गर्छ ।

## खण्ड दुई
## जनगणतन्त्र चीनका राष्ट्रपति

**धारा - ७९**

जनगणतन्त्र चीनको राष्ट्रपति र उप-राष्ट्रपति राष्ट्रिय जनप्रतिनिधिसभाबाट निर्वाचित हुन्छन् ।

जनगणतन्त्र चीनका मतदान गर्न पाउने र निर्वाचनमा उठ्न पाउने तथा ४५ वर्ष उमेर पुगेका नागरिकहरु निर्वाचनको निम्ति योग्य हुन्छन् ।

जनगणतन्त्र चीनका राष्ट्रपति र उप-राष्ट्रपतिको कार्यावधि राष्ट्रिय जनप्रतिनिधिसभाको जस्तै हो र तिनीहरुले दुई कार्यकालभन्दा बढी सेवा गर्ने छैनन् ।

**धारा - ८०**

जनगणतन्त्र चीनको राष्ट्रपतिले राष्ट्रिय जनप्रतिनिधिसभा तथा यसको स्थायी समितिको निर्णयलाई अगाडि बढाउँछ र विधेयकलाई प्रमाणीकरण गर्छ, प्रधानमन्त्री, उप-प्रधानमन्त्री, राज्य-सल्लाहकारहरु, मन्त्रालय वा आयोगका विभागीय मन्त्रीहरु तथा महालेखापरीक्षक एवं राज्यपरिषद्का महासचिवको नियुक्ति र खारेजी गर्छ, राज्यका पदकहरु तथा सम्मानका उपाधिहरु प्रदान गर्छ, विशेष क्षमादान प्रदान गर्छ, सैनिक कानुनको घोषणा गर्छ, लडाइँको स्थितिको घोषणा गर्छ र सैन्य सञ्चालनको आदेश जारी गर्छ ।

## धारा - ८१

जनगणतन्त्र चीनको राष्ट्रपतिले जनगणतन्त्र चीनको तर्फबाट विदेशी कूटनैतिक प्रतिनिधिहरुलाई स्वीकार गर्छ र राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिको निर्णयअनुसार विदेशमा सर्वाधिकार प्रतिनिधिहरु नियुक्ति गर्छ र फिर्ता बोलाउँछ तथा विदेशी राज्यहरुसँग भएका सन्धिहरु तथा महत्वपूर्ण सम्झौताहरु प्रमाणीकरण गर्छ र खारेज गर्छ ।

## धारा - ८२

जनगणतन्त्र चीनको उप-राष्ट्रपतिले राष्ट्रपतिको कार्यमा सहयोग गर्छ । उप-राष्ट्रपतिले राष्ट्रपतिबाट सुम्पेको राष्ट्रपतिका कार्य क्षेत्रहरु र अधिकारहरु प्रयोग गर्नेछ ।

## धारा - ८३

जनगणतन्त्र चीनका राष्ट्रपति र उप-राष्ट्रपतिले नयाँ राष्ट्रिय जनप्रतिनिधिसभाले नयाँ राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन कार्य प्रारम्भ नगरेसम्म आफ्ना कार्यहरु र अधिकारहरु प्रयोग गर्नेछन् ।

## धारा - ८४

कुनै कारणले जनगणतन्त्र चीनका राष्ट्रपतिको पद रिक्त हुन गएमा उप-राष्ट्रपतिले राष्ट्रपतिको कार्यभार सम्हाल्छ ।

कारणबस जनगणतन्त्र चीनका उप-राष्ट्रपतिको पद रिक्त भएमा राष्ट्रिय जनप्रतिनिधिसभाले नयाँ उप-राष्ट्रपति चुनेर उक्त रिक्त पद भर्नेछ ।

घटनाले जनगणतन्त्र चीनको राष्ट्रपति र उप-राष्ट्रपति दुवैको पद रिक्त भएमा, राष्ट्रिय जनप्रतिनिधिसभाले नयाँ राष्ट्रपति र नयाँ उप-राष्ट्रपति निर्वाचन गर्नेछ । यस्तो निर्वाचनभन्दा पहिले, राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिका अध्यक्षले नै जनगणतन्त्र चीनको अन्तरिम राष्ट्रपतिको कार्य गर्नेछ ।



# खण्ड तीन
# राज्यपरिषद्

## धारा - ८५

राज्यपरिषद् नै जनसरकार हो, यो नै जनगणतन्त्र चीनको राज्य शक्तिको सर्वोच्च अंगको कार्यकारी अंग हो, यो नै राज्य प्रशासनको सर्वोच्च अंग हो ।

## धारा - ८६

राज्यपरिषद्को गठन निम्नानुसार हुनेछ -

प्रधानमन्त्री;
उप-प्रधानमन्त्रीहरु;
राज्य सल्लाहकारहरु;
मन्त्रालयका जिम्मेवार मन्त्रीहरु;
आयोगहरुका जिम्मेवार मन्त्रीहरु;
महालेखापरीक्षक; र
महासचिव ।

प्रधानमन्त्रीसँग राज्यपरिषद्को सम्पूर्ण जिम्मेवारी हुन्छ । मन्त्रीहरुसँग आ-आफ्ना मातहतका मन्त्रालयहरु र आयोगहरुको पूर्ण जिम्मेवारी हुन्छ ।

राज्यपरिषद्को संगठन ऐनले तोकेबमोजिम हुन्छ ।

## धारा - ८७

राज्यपरिषद्को कार्यावधि राष्ट्रिय जनप्रतिनिधिसभाको जस्तै समान हुन्छ ।

प्रधानमन्त्री, उप-प्रधानमन्त्रीहरु तथा राज्य सल्लाहकारहरुले दुई कार्यावधिभन्दा बढी सेवा गर्ने छैनन् ।

## धारा - ८८

प्रधानमन्त्रीले राज्यपरिषद्को कार्यको निर्देशन गर्छ । उप-प्रधानमन्त्रीहरु र राज्य सल्लाहकारहरुले प्रधानमन्त्रीको कार्यमा सहयोग गर्छन् ।

राज्यपरिषद्का कार्यकारी बैठकहरुमा प्रधानमन्त्री, उप-प्रधानमन्त्रीहरु, राज्य सल्लाहकारहरु तथा राज्यपरिषद्का महासचिव सामेल हुनेछन् ।

प्रधानमन्त्रीले राज्यपरिषद्को बैठकहरु र पूर्ण बैठकहरु बोलाउँछ र अध्यक्षता गर्छ ।

**धारा - ८९**

राज्यपरिषद्ले तलका कार्यहरु र अधिकारहरु प्रयोग गर्छ -

१) प्रशासनिक ऐन-नियमहरु पारित गर्नु, प्रशासनिक ऐन-नियमहरु कार्यान्वयन गर्नु तथा संविधान र ऐन-कानुनअनुसारको निर्णय र आदेशहरु जारी गर्नु;

२) राष्ट्रिय जनप्रतिनिधिसभा वा यसको स्थायी समितिमा प्रस्तावहरु पेश गर्नु;

३) राज्यपरिषद्का मन्त्रालयहरु र आयोगहरुको कार्य र जिम्मेवारीहरु निर्धारित गर्नु, मन्त्रालयहरु र आयोगहरुको कार्यमा एकात्मक नेतृत्व प्रदान गर्नु तथा मन्त्रालयहरु तथा आयोगहरुको कार्य क्षेत्रभित्र नपरेका राष्ट्रिय चरित्रका ( स्तरका -अ.) अन्य सबै प्रशासनिक कार्यमा निर्देशन दिनु;

४) देशभरिका विभिन्न तहका राज्य प्रशासनको स्थानीय अंगका कार्यमाथि एकात्मक नेतृत्व प्रदान गर्नु र केन्द्रीय सरकार तथा प्रान्तहरु, स्वायत्त प्रदेशहरु एवं केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा रहेका नगरपालिकाहरुको बीचका कार्यहरु र अधिकारहरुको पूर्ण विभाजन प्रस्ट्याउनु;

५) राष्ट्रिय अर्थतन्त्र र सामाजिक विकासको योजना र राज्य बजेटको तर्जुमा गर्नु र लागू गर्नु;

६) आर्थिक कार्यहरु तथा नगर र ग्रामीण क्षेत्रको विकासबारे निर्देशन गर्नु र कार्यान्वयन गर्नु;

७) शिक्षा, विज्ञान, संस्कृति, जन-स्वास्थ्य, शारीरिक संस्कृति र परिवार नियोजनबारे निर्देशन दिनु र कार्यान्वयन गर्नु;

८) देवानी मामला, सार्वजनिक सुरक्षा, न्यायिक प्रशासन, सुपरिवेक्षण र अन्य सम्बन्धित मामलाहरुमा निर्देशन दिनु तथा बन्दोबस्त गर्नु;

९) परराष्ट्र मामलाहरु सञ्चालन गर्नु तथा विदेशी राज्यहरुसँगको सन्धि र



सम्झौताहरुको टुंगो लगाउनु;

१०) राष्ट्रिय रक्षाको निर्माणको निर्देशन र बन्दोबस्त गर्नु;

११) राष्ट्रहरुको सम्बन्धित मामलाहरुबारे निर्देशन दिनु तथा बन्दोबस्त गर्नु र अल्पसंख्यक राष्ट्रहरुको समान अधिकारहरु एवं राष्ट्रिय स्वायत्त क्षेत्रहरुका स्वायत्तताको अधिकारको रक्षा गर्नु;

१२) विदेशमा बसेका चिनियाँहरुको कानुनी अधिकारहरु तथा हितको रक्षा गर्नु र विदेशबाट फर्केका चिनियाँहरुको एवं विदेशमा बसेका चिनियाँहरुको परिवारका सदस्यहरुको कानुनी अधिकारहरु र हितहरुको रक्षा गर्नु;

१३) मन्त्रालयहरु तथा आयोगहरुबाट जारी गरेका अनुपयुक्त आदेशहरु, निर्देशनहरु र नियम-उपनियमहरु हेरफेर गर्नु वा खारेज गर्नु;

१४) विभिन्न तहका राज्य प्रशासनका स्थानीय अंगहरुले जारी गरेका अनुपयुक्त निर्णयहरु र आदेशहरु हेरफेर गर्नु तथा खारेज गर्नु;

१५) प्रान्तहरु, स्वायत्त प्रदेशहरु र केन्द्रीय सरकारको प्रत्यक्ष मातहतका नगरपालिकाहरुको भौगोलिक विभाजनलाई अनुमोदन गर्नु तथा स्वायत्त काउन्टीहरु र महानगरहरुको स्थापना र भौगोलिक विभाजनलाई अनुमोदन गर्नु;

१६) प्रान्तहरु, स्वायत्त प्रदेशहरु तथा केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा रहेका नगरपालिकाहरुका भागहरुमा सैनिक शासन लागू गर्ने निर्णय गर्नु;

१७) प्रशासनिक अंगहरुको आकारबारे जाँचबुझ गर्नु र निर्णय गर्नु तथा ऐन-कानुनअनुसार प्रशासनिक कर्मचारीहरुको नियुक्ति गर्ने, हटाउने र तालिम दिने, तिनीहरुको कामको मूल्याङ्कन गर्ने र इनाम दिने अथवा दण्ड दिनु; र

१८) राष्ट्रिय जनप्रतिनिधिसभा वा यसको स्थायी समितिले प्रत्यायोजन गरेका अन्य कार्यहरु र अधिकारहरु प्रयोग गर्नु ।

**धारा - ९०**

राज्यपरिषद्का मन्त्रालयहरु वा आयोगहरुका जिम्मेवार मन्त्रीहरु आ-आफ्ना मातहतका विभागहरुको कार्यको निम्ति जिम्मेवार हुन्छन् र मन्त्रालय वा आयोगका बैठक

बोलाउँदा एवं अध्यक्षता गर्ने तथा सम्बन्धित विभागहरुको कार्यका मुख्य-मुख्य विषयको छलफल एवं निर्णयको निम्ति जिम्मेवार हुन्छन् ।

राज्यपरिषद्द्वारा जारी ऐन-कानुन र प्रशासनिक नियम र उपनियमहरु, निर्णयहरु र अन्य आदेशहरुअनुसार मन्त्रालयहरु र आयोगहरुले आ-आफ्ना मातहतका विभागहरुको अधिकार क्षेत्रभित्र रहेर आदेशहरु, निर्देशनहरु र नियम-उपनियमहरु जारी गर्छन् ।

**धारा - ९१**

राज्यपरिषद्ले आफ्ना मातहतका सबै विभागहरुको तथा विभिन्न तहका स्थानीय सरकारहरु एवं राज्यको वित्तीय र मौद्रिक संगठनहरु तथा उद्योग र व्यवसायहरुका आम्दानी र खर्चको लेखापरीक्षण गर्न महालेखाको एक अंग स्थापना गर्छ ।

राज्यपरिषद्का प्रधानमन्त्रीको निर्देशनमा, महालेखाको अंगले ऐन-कानुनअनुसार स्वाधीनतापूर्वक जाँचबुझ गर्न आफ्नो अधिकार प्रयोग गर्छ र कुनै पनि प्रशासनिक अंग वा कुनै सार्वजनिक संगठन वा व्यक्तिले हस्तक्षेप गर्नेछैन ।

**धारा - ९२**

राज्यपरिषद् राष्ट्रिय जनप्रतिनिधिसभाप्रति उत्तरदायी हुन्छ र राष्ट्रिय जनप्रतिनिधिसभाको बैठक नहुँदा यसको स्थायी समितिप्रति राज्यपरिषद्ले आफ्नो कामको प्रतिवेदन प्रस्तुत गर्छ ।

## खण्ड चार
## केन्द्रीय सैन्य आयोग

**धारा - ९३**

जनगणतन्त्र चीनको केन्द्रीय सैन्य आयोगले देशको सशस्त्र सेनालाई निर्देशन गर्छ ।

केन्द्र सैन्य आयोगको गठन निम्नअनुसार हुनेछ -

अध्यक्ष;

उपाध्यक्षहरु; र

सदस्यहरु ।



केन्द्रीय सैन्य आयोगका अध्यक्ष नै आयोगबारे पूर्ण रुपले जिम्मेवार हुन्छ ।

केन्द्रीय सैन्य आयोगको कार्यकाल राष्ट्रिय जनप्रतिनिधिसभासँग समान हुन्छ ।

**धारा - ९४**

केन्द्रीय सैन्य आयोगका अध्यक्ष राष्ट्रिय जनप्रतिनिधिसभा र यसको स्थायी समितिप्रति उदारदायी हुन्छ ।

## खण्ड पाँच
## स्थानीय जनप्रतिनिधिसभा र विभिन्न तहका स्थानीय जनसरकारहरु

**धारा - ९५**

जनप्रतिनिधिसभाहरु र जनसरकारहरु प्रान्तहरु, केन्द्रीय सरकारको प्रत्यक्ष मातहतका नगरपालिकाहरु, काउन्टीहरु, महानगरहरु, नगरका जिल्लाहरु, नगरहरु, राष्ट्रिय नगरहरु (Nationality townships) तथा सहरहरु (towns) मा स्थापित हुनेछन् ।

स्थानीय जनप्रतिनिधिसभाहरुका संगठन तथा विभिन्न तहका स्थानीय जनसरकारहरु ऐनले तोकेबमोजिम हुन्छ ।

स्वायत्त प्रदेशहरु, स्वायत्त बस्तीहरु (prefectures) र स्वायत्त काउन्टीहरु (counties) मा स्वशासनका अंगहरु (organs of self-government) स्थापित हुन्छन् । संविधानको परिच्छेद ३ को पाँचौं र छैठौं खण्डमा स्थापित आधारभूत सिद्धान्तहरुअनुसार स्वशासन अंगहरुमा संगठन र कार्य प्रणाली ऐनले तोकेबमोजिम हुन्छ ।

**धारा - ९६**

विभिन्न तहका स्थानीय जनप्रतिनिधिसभाहरु राज्य शक्तिका स्थानीय अंगहरु हुन् ।

काउन्टी (county) तहमा र त्यसमाथिको तहमा स्थानीय जनप्रतिनिधिसभाहरुका स्थानीय समितिहरु हुन्छन् ।

**धारा - ९७**

प्रान्तहरुका जनप्रतिनिधिसभाहरुका प्रातिनिधिहरु, केन्द्रीय सरकारको प्रत्यक्ष मातहतका नगरपालिकाहरु एवं जिल्लाहरुमा विभाजित महानगरका प्रतिनिधिहरु आफूभन्दा (next) तल्लो तहका जनप्रतिनिधिसभाहरुद्वारा निर्वाचित हुन्छन्, काउन्टीहरु, जिल्लाहरुमा विभाजित महानगरहरु, नगर जिल्लाहरु (Municipal districts), नगरहरु, राष्ट्रिय नगरहरु र सहरहरु (towns) का जनप्रतिनिधिसभाका प्रतिनिधिहरु आफ्ना निर्वाचन क्षेत्रहरुबाट प्रत्यक्ष रुपले निर्वाचित हुन्छन् ।

विभिन्न तहका स्थानीय जनप्रतिनिधिसभाहरुको संख्या र तिनीहरुका निर्वाचन प्रणाली ऐनले तोकेबमोजिम हुन्छ ।

**धारा - ९८**

प्रान्तहरु, केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा रहेका नगरपालिकाहरु तथा जिल्लाहरुमा विभाजित महानगरहरुका जनप्रतिनिधिसभाको कार्यावधि ५ वर्षको हुन्छ । काउन्टीहरु, जिल्लाहरुमा विभाजित नभएका महानगरहरु, नगर जिल्लाहरु, (Municipal districts), नगरहरु (townships), राष्ट्रिय नगरहरु (nationality townships) र सहरहरु (towns) का जनप्रतिनिधिसभाहरुको कार्यकाल ३ वर्षको हुन्छ ।

**धारा - ९९**

विभिन्न तहका स्थानीय जनप्रतिनिधिसभाहरुले संविधान, ऐन-कानुन र आ-आफ्ना प्रशासनिक क्षेत्रका प्रशासनिक नियम-उपनियमहरुको अवलोकन र कार्यान्वयनलाई सुनिश्चित गर्छन् । ऐनले तोकेको आ-आफ्नो जिम्मेवारीको सीमाभित्र बसेर तिनीहरुले स्थानीय आर्थिक र सांस्कृतिक विकासको निम्ति तथा सार्वजनिक सेवाको विकासको निम्ति प्रस्तावहरु पारित गर्छन् र प्रस्तावहरु जारी गर्छन् तथा योजनाहरुको निरीक्षण गर्छन् र निर्णयहरु गर्छन् ।

काउन्टी र काउन्टी तहभन्दा माथिका स्थानीय जनप्रतिनिधिसभाहरुले आर्थिक र सामाजिक विकासका योजनाहरु तथा आ-आफ्ना सम्बन्धित प्रशासनिक क्षेत्रहरुको



बजेटको निरीक्षण गर्छन् र अनुमोदन गर्छन् तथा तिनीहरुको कार्यान्वयनबारे निरीक्षण गर्छन् र प्रतिवेदनहरु अनुमोदन गर्छन् । तिनीहरुले आफ्नै स्थानीय समितिका अनुपयुक्त निर्णयहरुलाई संशोधन गर्ने वा खारेज गर्ने अधिकार राख्छन् ।

कानुनले तोकेबमोजिम आ-आफ्नो अधिकारको सीमाभित्र रहेर राष्ट्रिय नगरहरुका जनप्रतिनिधिसभाहरुले सम्बन्धित राष्ट्रहरुको विशेषतालाई सुहाउने गरी विशेष उपायहरु अपनाउँछन् ।

**धारा - १००**

प्रान्तहरु र केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा रहेका नगरपालिकाहरुका जनप्रतिनिधिसभाहरुले र तिनीहरुका स्थायी समितिहरुले संविधान, ऐन-कानुन र प्रशासनिक ऐन-कानुन र नियमहरुसँग नबाझिने गरी स्थानीय ऐन-नियमहरु पारित गर्न सक्नेछन् र त्याकत वा अभिलेख (record) को निम्ति राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिलाई त्यस्ता स्थानीय ऐन-नियमहरुको प्रतिवेदन प्रस्तुत गर्नेछन् ।

**धारा - १०१**

स्थानीय जनप्रतिनिधिसभाहरुले आ-आफ्नो सम्बन्धित तहहरुमा राज्यपालहरु (Governors) र उप-राज्यपालहरु, अथवा प्रमुख र उप-प्रमुखहरु अथवा काउन्टीहरुको जिल्ला, नगर र सहरहरुका प्रधान र उप-प्रधानहरुलाई निर्वाचन गर्छन् र तिनीहरुलाई प्रत्याह्वानको अधिकार पनि राख्छन् ।

काउन्टी र सोभन्दा माथिका स्थानीय जनप्रतिनिधिसभाहरुले जनअदालतका सभापतिहरु (मुख्य न्यायाधीशहरु) र सोहीस्तरका जनमहान्यायाधिवक्ता कार्यालयहरुका न्यायाधिवक्तालाई निर्वाचन गर्छन् र प्रत्याह्वान गर्ने अधिकार राख्छन् । जनन्यायाधिवक्ता कार्यालयको प्रमुख न्यायाधिवक्ताको निर्वाचन वा प्रत्याह्वानबारे आफूभन्दा माथिल्लो जनन्यायाधिवक्ता कार्यालयको प्रमुखलाई प्रतिवेदन प्रस्तुत गर्नेछन् र अनुमोदनको निम्ति सम्बन्धित तहका जनप्रतिनिधिसभाहरुका स्थायी समितिहरुमा प्रस्तुत गर्नेछन् ।

प्रान्तहरु, केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा रहेका नगरपालिकाहरु र जिल्लाहरुमा विभाजित भएका महानगरहरुमाथि आफूलाई निर्वाचित गर्ने एकाइहरुले सुपरिवेक्षण गर्नेछन्, काउन्टीहरु, जिल्लाहरुमा विभाजित नभएका महानगरहरु, नगर

जिल्लाहरु, नगरहरु, राष्ट्रिय नगरहरु तथा सहरहरुका जनप्रतिनिधिसभाहरुका प्रतिनिधिहरुले तिनीहरुको निर्वाचन क्षेत्रहरुबाट सुपरिवेक्षण गरिनेछन् ।

विभिन्न तहका स्थानीय जनप्रतिनिधिसभाहरुमा प्रतिनिधिहरु चुन्ने निर्वाचक एकाइहरु र निर्वाचन क्षेत्रहरुलाई ऐन-कानुनले बन्दोबस्त गरेबमोजिम आफ्ना निर्वाचितहरुलाई प्रत्याह्वान गर्न सक्ने अधिकार हुनेछ ।

**धारा - १०३**

काउन्टी तह र सोभन्दा माथिका स्थानीय जनप्रतिनिधिसभाको स्थायी समितिमा अध्यक्ष, उपाध्यक्षहरु तथा सदस्यहरु रहनेछन् र सम्बन्धित तहको जनप्रतिनिधिसभाप्रति सो समिति जिम्मेवार हुनेछ र आफ्नो कार्यको प्रतिवेदन दिनेछ ।

काउन्टी र सोभन्दा माथिका स्थानीय जनप्रतिनिधिसभाले सम्बन्धित तहको जनप्रतिनिधिसभाको स्थायी समितिको कुनै पनि व्यक्तिलाई चुन्नेछ तथा प्रत्याह्वानको अधिकार पनि राख्छ ।

काउन्टी र सोभन्दा माथिका स्थानीय जनप्रतिनिधिसभाका स्थायी समितिका कुनै पनि व्यक्तिले राज्य प्रशासन, न्यायिक अंग र न्यायाधिवक्ताका अंगहरुको कुनै पनि पद ग्रहण गर्नेछैन ।

**धारा - १०४**

काउन्टी र सोभन्दा माथिका स्थानीय जनप्रतिनिधिसभाको स्थायी समितिले आफ्नो प्रशासनिक इलाकाका सबै क्षेत्रका कार्यको मुख्य-मुख्य विषयमा छलफल गर्छ र निर्णय गर्छ, सम्बन्धित तहका जनसरकार, जनअदालत र जनन्यायाधिवक्ताको कार्यको सुपरिवेक्षण गर्छ, सम्बन्धित तहका जनसरकारका अनुपयुक्त निर्णयहरु र आदेशहरुलाई खारेज गर्छ, आफूभन्दा तल्लो तहको जनप्रतिनिधिसभाका अनुपयुक्त प्रस्तावहरुलाई खारेज गर्छ, ऐनले बन्दोबस्त गरेबमोजिम आफ्नो अधिकार क्षेत्रभित्र रही राज्यका अंगहरुका कर्मचारीहरुको नियुक्ति र खारेज गर्ने निर्णय गर्छ र सम्बन्धित तहका जनप्रतिनिधिसभाको बैठक नहुँदा आफूभन्दा उच्चतहको जनप्रतिनिधिसभाका प्रतिनिधिहरुलाई व्यक्तिगत रुपले प्रत्याह्वान गर्छ र जनप्रतिनिधिसभाले रिक्त ठाउँ व्यक्तिगत रुपले प्रतिनिधिहरु निर्वाचित गर्छ ।



**धारा - १०५**

विभिन्न तहका स्थानीय जनसरकारहरु राज्यशक्तिका स्थानीय अंगहरुका कार्यकारी निकायहरु हुनुको साथै सम्बन्धित तहमा राज्य प्रशासनको स्थानीय अंगहरु पनि हुन् ।

विभिन्न तहका स्थानीय जनसरकारहरुले राज्यपालहरु, नगर प्रमुखहरु, काउन्टी प्रधानहरु, जिल्लाधीशहरु, नगरप्रधानहरु र सहरका प्रधानहरुमार्फत् सबै जिम्मेवारीको व्यवस्था सञ्चालन गर्छन् ।

**धारा - १०६**

विभिन्न तहका स्थानीय जनसरकारहरुको कार्यकाल सम्बन्धित तहको जनप्रतिनिधिसभाको समान हुन्छ ।

**धारा - १०७**

काउन्टी तह र सोभन्दा माथिका स्थानीय जनसरकारहरुले ऐनले अधिकार प्रत्यायोजन गरेको सीमाभित्र रही आ-आफ्ना सम्बन्धित प्रशासनिक इलाकाहरुको अर्थतन्त्र, शिक्षा, विज्ञान, संस्कृति, जनस्वास्थ्य, शारीरिक संस्कृति, शहरी र ग्रामीण विकास, देवानी मामला, सार्वजनिक सुरक्षा, राष्ट्रियताहरुको मामला, न्यायिक प्रशासन, सुपरिवेक्षण र परिवार नियोजन सञ्चालन गर्छन्, निर्णयहरु र आदेशहरु जारी गर्छन्, प्रशासनिक कर्मचारीहरुको नियुक्ति, खारेजी र तालिम प्रदान गर्छन्, तिनीहरुको कामको मूल्याङ्कन गर्छन् र तिनीहरुलाई पुरस्कार वा दण्ड-सजाय दिन्छन् ।

नगरहरु, राष्ट्रिय नगरहरु र सहरहरुका जनसरकारहरुले सम्बन्धित तहका जनप्रतिनिधिसभाका प्रस्तावहरु कार्यान्वयन गर्छन् र आफूभन्दा माथिल्लो तहका राज्य प्रशासनिक अंगहरुका निर्णयहरु र आदेशहरु पालना गर्छन् तथा सम्बन्धित प्रशासनिक इलाकाहरुमा प्रशासनिक कार्य सञ्चालन गर्छन् ।

प्रान्तहरु र केन्द्रीय सरकारको प्रत्यक्ष मातहतमा रहेका नगरपालिकाहरुका जनसरकारहरुले नगरहरु, राष्ट्रिय नगरहरु र सहरहरुको स्थापना र भौगोलिक विभाजनको निर्णय गर्छन् ।

**धारा - १०८**

काउन्टीतह र त्यसभन्दा माथिका स्थानीय जनसरकारहरुले आ-आफ्ना

सहायक विभागहरु र आफ्ना तल्लोतहका जनसरकारहरुको कार्यलाई निर्देशन दिन्छन् र आ-आफ्ना सहायक विभागहरु तथा आफूभन्दा तल्लोतहका जनसरकारहरुका अनुपयुक्त निर्णयहरुलाई हेरफेर गर्ने वा खारेज गर्ने अधिकार राख्छन् ।

**धारा - १०९**

काउन्टीतह वा सोभन्दा माथिका स्थानीय जनसरकारहरुले लेखापरीक्षण गर्ने निकायहरु स्थापना गर्छन् । ऐनमा बन्दोबस्त गरेबमोजिम लेखापरीक्षणमार्फत् स्थानीय लेखापरीक्षणका निकायहरुले विभिन्न तहहरुमा स्वाधीनतापूर्वक निरीक्षणको आ-आफ्ना अधिकारलाई कार्यान्वयन गर्छन् तथा सम्बन्धित तहको जनसरकार एवं आफूभन्दा माथिल्लो तहको लेखापरीक्षणको निकायप्रति उत्तरदायी हुन्छन् ।

**धारा - ११०**

विभिन्न तहका स्थानीय जनसरकारहरु सम्बन्धित तहका जनप्रतिनिधिसभाहरुप्रति जिम्मेवार हुन्छन् र आ-आफ्ना कार्यको प्रतिवेदन दिन्छन् । प्रतिनिधिसभाको बैठक नहुँदा काउन्टीतह र सोभन्दा माथिका स्थानीय जनसरकारहरु जनप्रतिनिधिसभाको स्थायी समितिप्रति उत्तरदायी हुन्छन् र आ-आफ्ना कार्यको प्रतिवेदन दिन्छन् ।

विभिन्न तहका स्थानीय जनसरकारहरु आफूभन्दा माथिल्लो तहका राज्य प्रशासनिक अंगहरुप्रति उत्तरदायी हुन्छन् र आ-आफ्ना कार्यको प्रतिवेदन प्रस्तुत गर्छन् । देशभरिका विभिन्न तहका स्थानीय जनसरकारहरु राज्यपरिषद्को संयुक्त नेतृत्वअन्तर्गतको राज्य प्रशासनका अंगहरु हुन् र त्यसका सहायक हुन् ।

**धारा - १११**

आ-आफ्ना आवासको ठाउँको आधारका सहरी र ग्रामीण आवासहरुमा स्थापित आवास समितिहरु र गाउँ समितिहरु सबभन्दा तल्लोतहको जनताका संगठनहरु (mass organization of self management at the grass roots level) हुन् । स्थानीयवासीहरुले नै हरेक आवास र गाउँ समितिहरुका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु निर्वाचित गर्नेछन् । आवास र गाउँ समितिहरु तथा राज्य शक्तिको सबभन्दा तल्लो तहका एकाइबीचको सम्बन्ध ऐनले तोकेबमोजिम हुनेछ ।

आवास र गाउँ समितिहरुले सार्वजनिक सुरक्षा, जनस्वास्थ्य र ती इलाकाहरुमा



जनताका मामलाहरु तथा सामाजिक सेवाहरुको अन्य विषयको बन्दोबस्त गर्न, नागरिक प्रतिनिधिहरु शान्ति-सुरक्षा कायम गर्नलाई सहयोग गर्न, जनसरकारलाई निवासीहरुको मत जाहेर गर्न र मागहरु राख्न एवं सल्लाहहरु गर्न जनताको मध्यस्थता समितिहरु स्थापना गर्छन् ।

## खण्ड छ

# राष्ट्रिय स्वायत्त क्षेत्रहरुका स्वशासनका अंगहरु

**धारा - ११२**

राष्ट्रिय स्वायत्त इलाकाहरुको स्वशासनका अंगहरु नै स्वायत्त प्रदेशहरु, स्वायत्त बस्ती (autonomous prefectures) र स्वायत्त काउन्टीहरुका जनप्रतिनिधिसभाहरु र जनसरकारहरु हुन् ।

**धारा - ११३**

स्वायत्त क्षेत्रहरु, बस्तीहरु वा काउन्टीका जनप्रतिनिधिसभाका प्रशासनिक इलाकामा राष्ट्रिय वा प्रादेशिक स्वायत्तता अपनाइरहेका राष्ट्रहरुका थप प्रतिनिधिहरु, सो इलाकामा बसोबास गरेर अन्य राष्ट्रहरुले पनि उचित प्रतिनिधित्व पाउँछन् ।

स्वायत्त प्रदेश, बस्तीहरु वा काउन्टीका जनप्रतिनिधिसभाका स्थायी समितिका अध्यक्ष पद र उपाध्यक्ष पदमा सम्बन्धित क्षेत्रका प्रादेशिक स्वायत्तता लागू भएका राष्ट्रियता वा राष्ट्रहरुको नागरिकता वा नागरिकहरु पनि समावेश हुनेछन् ।

**धारा - ११४**

स्वायत्त प्रदेश, बस्ती (prefecture) वा काउन्टीका प्रशासनिक हाकिम त्यही राष्ट्रियताको नागरिक हुनेछ वा सम्बन्धित इलाकामा प्रादेशिक स्वायत्तता लागू भइरहेको राष्ट्रहरुमध्येबाट हाकिम हुनेछ ।

**धारा - ११५**

स्वायत्त प्रदेशहरु, बस्तीहरु र काउन्टीहरुका स्वशासनका अंगहरुले संविधानको

परिच्छेद ३ खण्ड ५ मा उल्लेख भएबमोजिम स्थानीय राज्यका अंगहरु कार्यहरु र अधिकारहरु कार्यान्वयन गर्छन् । साथसाथै तिनीहरुले संविधान, प्रादेशिक राष्ट्रिय स्वायत्तताका ऐन र अन्य ऐन-कानुनले दिएका अधिकारहरुको सीमाभित्र स्वायत्त शक्ति कार्यान्वयन गर्छन् र स्थानीय परिस्थितिको प्रकाशमा राज्यका ऐन-कानुन र नीतिहरु लागू गर्छन् ।

**धारा - ११६**

राष्ट्रिय स्वायत्त इलाकाहरु जनप्रतिनिधिसभाहरुसँग सम्बन्धित इलाकाहरुका राष्ट्रहरु वा राष्ट्रियताहरुका राजनैतिक, आर्थिक र सांस्कृतिक विशेषताहरुको उज्यालोमा स्वायत्त नियमहरु र विशेष नियम र उप-नियमहरु लागू गर्ने अधिकार हुनेछ । स्वायत्त प्रदेशहरुका स्वायत्त नियम-उपनियम र विशेष नियम-उपनियमहरु लागू हुनुभन्दा पहिले स्वीकृतिको निम्ति राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिमा प्रस्तुत गर्नुपर्नेछ । स्वायत्त बस्तीहरु र काउन्टीहरुका नियम उप-नियमहरु व्यवहारमा लागू हुनुभन्दा पहिले प्रान्तहरु र स्वायत्त प्रदेशहरुका जनप्रतिनिधिसभाहरुको स्थायी समितिमा प्रस्तुत गर्नुपर्नेछ र तिनीहरुले अभिलेख (record) को निम्ति राष्ट्रिय जनप्रतिनिधिसभाको स्थायी समितिमा प्रतिवेदन दिनुपर्नेछ ।

**धारा - ११७**

राष्ट्रिय स्वायत्त इलाकाहरुका स्वशासनका अंगहरुले आ-आफ्ना इलाकाहरुका आर्थिक प्रशासनिक स्वायत्तताका अधिकार राख्छन् । राष्ट्रिय स्वायत्त इलाकाहरुका राज्यको वित्तीय बन्दोबस्तअनुसार जम्मा भएका सबै आम्दानी ती इलाकाहरुका आ-आफ्ना स्वशासनका अंगहरुबाट बन्दोबस्त तथा प्रयोग हुनेछन् ।

**धारा - ११८**

राष्ट्रिय स्वायत्त इलाकाहरुका स्वशासनका अंगहरुले स्वतन्त्रतापूर्वक राज्यका योजनाहरुको निर्देशनमा स्थानीय आर्थिक विकासको बन्दोबस्त गर्छन् र सञ्चालन गर्छन् ।

राष्ट्रिय स्वायत्त इलाकाहरुमा प्राकृतिक स्रोतहरुको उपयोग तथा उद्योग व्यवसाय निर्माणमा राज्यले ती इलाकाहरुको हितलाई उचित ध्यान दिनेछ ।

**धारा - ११९**

राष्ट्रिय स्वायत्त इलाकाहरुको स्वशासनका अंगहरुले आ-आफ्ना इलाकाहरुमा



स्वतन्त्रतापूर्वक शैक्षिक, वैज्ञानिक, सांस्कृतिक, जनस्वास्थ्य र शारीरिक संस्कृतिका काम-कारबाही सञ्चालन गर्छन्, राष्ट्रहरुको सांस्कृतिक स्मारकहरुको संरक्षण गर्छन् र जोगाउँछन् तथा तिनीहरुका संस्कृतिहरुलाई विकास र उत्थानका निम्ति काम गर्छन् ।

**धारा - १२०**

राज्यको सैन्य बन्दोबस्तअनुसार तथा वास्तविक स्थानीय आवश्यकताअनुसार र राज्यपरिषद्को स्वीकृतिअनुसार राष्ट्रिय स्वायत्त इलाकाहरुका स्वशासनका अंगहरुले सार्वजनिक शान्ति-सुरक्षा कायम राख्न स्थानीय सार्वजनिक सुरक्षा शक्तिहरु संगठन गर्न सक्नेछन् ।

**धारा - १२१**

राष्ट्रिय स्वायत्त इलाकाहरुको स्वशासनका अंगहरुले सम्बन्धित इलाकाहरुको स्वायत्त नियम-उपनियमहरुअनुसार आ-आफ्ना कार्यहरुमा स्थानीय रुपमा बोलिने र लेखिने साझा भाषा वा भाषाहरु प्रयोग गर्नेछन् ।

**धारा - १२२**

राज्यले अल्पसंख्यक राष्ट्रहरुलाई आ-आफ्नो आर्थिक र सांस्कृतिक विकासलाई अगाडि बढाउन वित्तीय, भौतिक र प्राविधिक सहयोग गर्छ ।

राज्यले राष्ट्रिय स्वायत्त इलाकाहरुलाई विभिन्न तहका कर्मचारीहरु (Cadres) को ठूलो संख्यालाई तालिम दिन तथा ती इलाकाहरुका राष्ट्र र राष्ट्रहरुका विभिन्न व्यवसाय र उद्योगहरुका विशेषज्ञ र निपुण (skilled) कामदारहरुलाई तालिम दिन सहयोग गर्छ ।

## खण्ड सात
# जनअदालत तथा जनन्यायाधिवक्ता

**धारा - १२३**

जनगणतन्त्र चीनमा जनअदालतहरु राज्यका न्यायिक अंगहरु हुन् ।

**धारा - १२४**

जनगणतन्त्र चीनले सर्वोच्च जनअदालत र विभिन्न तहका स्थानीय जनअदालतहरु स्थापना गर्छ ।

सर्वोच्च जनअदालतको सभापति (President) को कार्यावधि राष्ट्रिय जनप्रतिनिधिसभासँग मिल्छ, सभापतिले लगातर दुई अवधिभन्दा बढी सेवा गर्नेछैन ।

जनअदालतहरुको संगठन कानुनले बन्दोबस्त गरेबमोजिम हुन्छ ।

**धारा - १२५**

जनअदालतले सम्हालेका सबै मुद्दाहरुमा, कानुनले विशेषीकृत गरिएका विशेष, परिस्थितिमा संलग्न भएकाबाहेक खुला सुनवाइ हुनेछ । अभियुक्तलाई आफ्नो बचाउको अधिकार हुनेछ ।

**धारा - १२६**

कानुनअनुसार जनअदालतहरुले स्वतन्त्रतापूर्वक न्यायिक अधिकार कार्यान्वयन गर्छन् र प्रशासनिक अंगहरु, जनवर्गीय संगठनहरु वा व्यक्तिहरुले हस्तक्षेप गर्नेछैनन् ।

**धारा - १२७**

सर्वोच्च जनअदालत सर्वोच्च न्यायिक अंग हो ।

सर्वोच्च जनअदालतले विभिन्न तहका स्थानीय जनअदालतहरु र विशेष जनअदालतहरुको न्यायिक प्रशासनको सुपरिवेक्षण गर्छ, माथिल्ला जनअदालतहरुले तल्लो तहका जनअदालतहरुको न्यायिक प्रशासनको सुपरिवेक्षण गर्छन् ।

**धारा - १२८**

सर्वोच्च जनअदालत राष्ट्रिय जनप्रतिनिधिसभा र यसको स्थायी समितिप्रति उत्तरदायी छ । विभिन्न तहका स्थानीय जनअदालतहरु आफूहरुलाई निर्माण गर्ने राज्य शक्तिको अंगहरुप्रति उत्तरदायी छन् ।

**धारा - १२९**

जनगणतन्त्र चीनको जनन्यायाधिवक्ता कार्यालय राज्यको कानुनी सुपरिवेक्षणका अंगहरु हुन् ।



**धारा - १३०**

जनगणतन्त्र चीनले जनन्यायाधिवक्ता र विभिन्न तहका स्थानीय जनन्यायाधिवक्ता कार्यालयहरु स्थापना गर्छ ।

सर्वोच्च जनन्यायाधिवक्ता कार्यालयको महान्यायाधिवक्ता (procurator general of supreme people's procuratorate) को कार्यावधि राष्ट्रिय जनप्रतिनिधिसभाको जस्तै हो, महान्यायाधिवक्ताले दुई कार्यकालभन्दा बढी सेवा गर्नेछैन ।

जनन्यायाधिवक्ताहरुको संगठन कानुनले तोकेबमोजिम हुन्छ ।

**धारा - १३१**

जनन्यायाधिवक्ताहरुले ऐनअनुसार स्वतन्त्र रुपले महान्यायिक अधिकार कार्यान्वयन गर्नेछन् र प्रशासनिक अंगहरु, जनवर्गीय संगठनहरु वा व्यक्तिहरुबाट हस्तक्षेपको भागी हुनेछैनन् ।

**धारा - १३२**

सर्वोच्च जनन्यायाधिवक्ता सबभन्दा माथिल्लो न्यायाधिवक्ता अंग हो ।

सर्वोच्च जनन्यायाधिवक्ता कार्यालयले विभिन्न तहका स्थानीय जनन्यायाधिवक्ताहरु र विशेष जनन्यायाधिवक्ताहरुको कार्यलाई निर्देशन गर्छ, माथिल्लो तहका जनन्यायाधिवक्ताहरुले तल्लो तहका कार्यबारे निर्देशन गर्छन् ।

**धारा - १३३**

सर्वोच्च जनन्यायाधिवक्ता राष्ट्रिय जनप्रतिनिधिसभा र यसको स्थायी समितिप्रति उत्तरदायी छ । विभिन्न तहका स्थानीय जनन्यायाधिवक्ताहरु र माथिल्लो तहका जनन्यायाधिवक्ताहरु तिनीहरुलाई निर्माण गर्ने सम्बन्धित राज्य शक्तिका अंगहरुप्रति उत्तरदायी छन् ।

**धारा - १३४**

अदालतको काम-कारबाहीमा सबै राष्ट्रहरुका नागरिकहरुले आ-आफ्नै राष्ट्रहरुका भाषाहरु बोल्ने र लेख्ने अधिकार राख्छन् । जनअदालत र जनन्यायाधिवक्ताहरुले अदालतको कारबाहीमा कुनै पनि पक्षलाई स्थानीय भाषा बोल्ने वा लेख्न जानकारी नभएमा उल्था गर्ने बन्दोबस्त गर्नेछन् ।

एउटै अल्पसंख्यक राष्ट्रियताका जनता बाक्लो समुदायमा बसेको इलाका वा धेरै राष्ट्रियताका जनतासँगै बसेका इलाकामा सुनुवाइ स्थानीय साझा रुपमा प्रयोग हुने भाषा वा भाषाहरुमा सञ्चालन गर्नुपर्दछ; निर्देशनहरु (indictments), फैसला, सूचना र अन्य दस्तावेजहरु आवश्यकताअनुसार प्रयोगमा आउने भाषा वा भाषाहरुमा लिखित हुनुपर्दछ ।

**धारा - १३५**

जनअदालतहरु, जनन्यायाधिवक्ताहरु र सार्वजनिक सुरक्षा अंगहरुले आपराधिक मुद्दाहरु चलाउँदा, आ-आफ्नो कार्यको हरेकले जिम्मेवारी लिनुपर्छ र कानुनको उचित र प्रभावशाली ढंगले कार्यान्वयन निश्चित गर्न तिनीहरुले आ-आफ्ना प्रयत्नहरु र एक आपसमा निरीक्षणको समन्वय गर्नुपर्दछ ।



परिच्छेद - ४

## राष्ट्रिय झन्डा, राष्ट्रिय चिन्ह र राजधानी

**धारा - १३६**

जनगणतन्त्र चीनको राष्ट्रिय झन्डा पाँच ताराहरुको रातो झन्डा हो ।

**धारा - १३७**

जनगणतन्त्र चीनको राष्ट्रिय चिन्ह पाँचवटा ताराहरुबाट जाज्वल्यमान थेन आनमेन चोकबीचमा रही धानको बाला र यन्त्रको चक्रले घेरेको हुन्छ ।

**धारा - १३८**

जनगणतन्त्र चीनको राजधानी पेइचिङ्ग (Beijing) हो ।